# टकरावको राजनीति

**भुवन केसी/तिलक पाठक**

प्रकाशित मिती: १६ मंसिर २०६९

२०६९ साल जेठ १४ गते संविधानसभा विघटन भएपछि राजनीतिक दलहरुबीच टकराव अझ बढ्यो । सरकारले २०६९ साल मंसिर ७ गते संविधानसभाको नयाँ निर्वाचन गर्ने घोषणा गरेपनि दलहरुबीच सहमति हुन नसक्दा निर्वाचन गर्ने वातावरण तयार भएन । धेरै समय उनीहरु एकअर्कामा आरोप-प्रत्यारोप गर्नमा केन्द्रीत भए । यसबीचमा सहमतिका लागि पटक-पटक प्रयास गरेपनि सत्तापक्ष र विपक्षी आ-आफ्नो अडानबाट टसमस भएनन् । बरु, एक अर्कोविरुद्ध मोर्चाबन्दीमा लागे । यसले मुलुकको राजनीतिलाई सहमतिभन्दा पनि थप ध्रुवीकरणमा धकेल्यो ।

मुलुकमा देखिएको राजनीतिक संक्रमणलाई व्यवस्थापन गर्न राष्ट्रपति रामवरण यादवले अग्रसरता लिएर सहमतिका लागि दबाब दिएपनि दलहरुमा देखिएको सत्ता केन्द्रित राजनीति त्यसका लागि मुख्य बाधक बन्यो । राष्ट्रपतिको आग्रह तथा सुझावलाई समेत वेवास्ता गरी सहमति गर्न असफल दलहरुले राष्ट्रपति कार्यालयलाई समेत आफ्नो अनुकुल उपयोग गर्ने प्रयास गरे । यसले गर्दा राष्ट्रपति कार्यालय र प्रधानमन्त्री कार्यालयबीच पनि बेला-बेलामा दरार सिर्जना हुन पुग्यो । एकअर्कालाई गम्भीर आरोप लगाउने र नेतृत्व अस्वीकार गरेपनि राजनीतिक दलहरुले भेटघाट र वार्तालाई भने निरन्तरता दिइरहेका छन् । दलहरुबीच सहमति पनि हुन नसकेको र पूर्व घोषित समयमा निर्वाचन पनि हुन नसकी सरकारले आगामी वैशाखमा निर्वाचन गर्ने घोषणा गरेलगत्तै राष्ट्रपतिले सहमतीय सरकार गठनका लागि राजनीतिक दलहरुलाई आह्वान गरे । सरकार, संविधान, निर्वाचन लगायतका विषयमा अल्झेका दलहरुले राष्ट्रपतिको आह्वानअनुसार समयमा सहमतिका आधारमा प्रधानमन्त्रीको नाम दिन सकेनन । र, त्यसपछि दलहरुको आग्रहमा राष्ट्रपतिले समय थप्ने श्रृंखला शुरु भयो ।

## दलिय आरोप-प्रत्यारोप

सरकारले संविधानसभाको नयाँ मिति प्रस्ताव गर्नासाथ दलहरुबीचको विवाद झन् बढ्यो । सरकारमा सहभागी नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीका मन्त्रीले राजीनामा दिए ।[1] दलहरुबीच छलफल नै नगरी एकलौटी रुपमा संविधानको निर्वाचन घोषणा गरिएको भन्दै उनीहरुले राजीनामा दिएका हुन् । 'संविधान निर्माणका विवादित विषयमा प्रमुख दलहरुका बीच २०६९ जेठ २ गते सहमति भएपश्चात पाँचबुँदे सहमति अनुरुप हाम्रो पार्टी वर्तमान सरकारमा सहभगी भएको यहाँलाई विदितै छ', उपप्रधानमन्त्री ईश्वर पोखरेलले राजीनामा पत्रमा भनेका छन-'तर उक्त सहमतिबाट एनेकपा (माओवादी) पछि हटेको र संविधान निर्माणको सन्दर्भमा सहमति गर्न गरिएका अनेकन प्रयासहरु एनेकपा (माओवादी)को अनिच्छा र हठका कारणले असफल भएको परिप्रेक्ष्यमा वर्तमान सरकारमा रहिरहनुको औचित्य समाप्त भएको छ ।'[2]

नेपाली काँग्रेसले संविधानसभा विघटनअघि सरकारबाट बाहिरिएको घोषणा गर्नु, एमाले र राप्रपाले पनि सरकार छोडेपछि सर्वदलिय सरकारको स्वरुप बदलियो । त्यसपछि भने दलहरुले संविधानसभा विघटनको दोष पनि एक अर्कालाई लगाउन थाले । संविधानसभा विघटन भएपछि काँग्रेस, एमाले, मधेशी जनअधिकार फोरम नेपाल, फोरम लोकतान्त्रिकका शरतसिंह भण्डारी र राष्ट्रिय जनशक्ति पार्टीका सहअध्यक्ष प्रकाशचन्द्र लोहनी राष्ट्रपतिको कार्यालय पुगेर ज्ञापनपत्र बुझाए । ज्ञापनपत्रमा 'संविधानसभाको नयाँ निर्वाचनका लागि संविधानमा आवश्यक संशोधन गर्नुका साथै अन्य आवश्यक प्रबन्ध गरी सहमतिका साथ जानुका साटो सरकारले सर्वसत्तावादी चरित्र प्रदर्शन गरेको' आरोप लगाउँदै भनिएको छ, 'प्रधानमन्त्रीको यस्तो कार्यबाट विश्वमै अनुपम रुपमा रहेको समावेशी समानुपातिक संविधानसभा भंग भएको छ । प्रधानमन्त्री जननिर्वाचित संविधानसभा भंग गरी निरंकुश किसिमले सत्ता कब्जा गर्ने दुरासयका साथ उद्यत रहेको स्पष्ट भएको छ ।'[3]

एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले काँग्रेस र एमालेका कारण संविधानसभा विघटन भएको आरोप लगाए । 'सारमा भन्दा नेपाली जनताको सामन्तवाद र साम्राज्यवाद विरोधी संविधानका लागि लडेका थियौं । र, त्यो पहिचान सहितको संघीयता स्थापना गर्ने कि नगर्ने विषयमा गएर अन्तरविरोध संकेन्द्रीत हुन पुग्यो । देशलाई पहिचान सहितको संघीयतामा जान दिन नचाहने एकात्मकवादीहरु घोर पुरातनवादी र यथास्थितिवादीहरुले संविधानसभालाई सफल हुन दिएनन् ।'[4] माओवादी अध्यक्ष दाहालको आरोप

---

[1] नेकपा एमालेका तर्फबाट सरकारमा सहभागी ईश्वर पोखरेल उपप्रधान तथा परराष्ट्रमन्त्री थिए भने राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट सरकारमा परशुराम खापुङ थिए । उनीहरुले २०६९ साल जेठ १४ गते मन्त्रिपरिषद्को बैठक सकिनासाथ राजीनामा दिएको घोषणा गरेका थिए ।

[2] २०६९ साल जेठ १४ गते उपप्रधान तथा परराष्ट्रमन्त्री ईश्वर पोखरेलले प्रधानमन्त्री बाबुराम भट्टराईलाई बुझाएको राजीनामा ।

[3] नेपाली काँग्रेस, नेकपा एमाले, राष्ट्रिय जनशक्ति पार्टी र मधेशी जनअधिकार फोरम लोकतान्त्रिक (शरदसिंह भण्डारी)ले २०६९ साल जेठ १४ गते राती राष्ट्रपतिलाई बुझाएको ज्ञापनपत्र ।

[4] २०६९ साल जेठ १५ गते एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले पत्रकार सामु दिएको लिखित सम्बोधन ।

थियो, 'काँग्रेस-एमालेका साथीहरु संघीयताको मर्म बुझ्न असफल हुनुहुन्छ र हुनुभयो पनि । नेपालमा विभेदको अन्त्य गर्न संघीयता चाहिएको कुरा उहाँहरु बुझ्नुहुन्न, संघीयता भन्न बित्तिकै तर्सिनुहुन्छ । एउटा समस्या त्यसका कारण पनि पऱ्यो ।'[5]

काँग्रेसले भने संघीयतामा माओवादीले बखेडा झिकिरहँदा समस्या आएको आरोप लगायो । 'हामीले पहाडमा दुईवटा संयुक्त पहिचानलाई एकै ठाउँमा मिलाएर लिम्बु र राई बसोबास क्षेत्र, नेवार र तामाङ क्षेत्र, गुरुङ र मगर बसोबास क्षेत्र र सिजा डोटयाली सभ्यतालाई एकै ठाउँमा राखेर चार प्रदेश बनाऔं भनेको हो । त्यति गर्दा सबैको सहमतिमा बनेका दुई मुख्य आधार पहिचान र सामर्थ्य दुवै पूरा हुने हाम्रो तर्क हो', काँग्रेसको आरोप छ, 'तर, पहिचान र सामर्थ्य दुवैलाई उपेक्षा गरेर मनोगत रुपमा माओवादीले १४ प्रदेशमा अनावश्यक अडान लिएकै कारण पहाडमा एकल जातिय पहिचानका ८ र तराई-मधेशमा भने संयुक्त पहिचानका २ प्रदेशको बिल्कुलै अव्यवहारिक र असन्तुलित खालका प्रदेश निर्माण योजना अघि साऱ्यो ।'[6]

प्रधानमन्त्री बाबुराम भट्टराईले अग्रगामी र यथास्थितिवादी सोचबीचकै अन्तरविरोधका कारण संविधानसभा विघटन भएको आरोप लगाए । एमालेले संविधानसभा विघटन हुनुमा माओवादी मुख्य दोषी भएको आरोप लगायो । एमालेले भन्यो-'यो निर्णय कुनै आकस्मिक, बाध्यात्मक र अप्रत्यासित थिएन । यो माओवादी सर्वसत्तावादको एउटा अभिव्यक्ति मात्रै हो र उसले विघटनपछिको शून्यतामार्फत् बन्दुकबाट प्राप्त हुन नसकेका, प्रचण्डले आफू प्रधानमन्त्री हुँदा गर्न नसकेका र कथित शहरी विद्रोहबाट समेत स्थापित हुन नसकेका आफ्ना एजेण्डालाई पूरा गर्न चाहेको छ ।'[7] एमालेले संविधानसभाको चार वर्ष समीक्षा गर्न बनाएको कार्यदलले संविधानसभा विघटन हुनुमा माओवादी र मधेशी दलहरु मुख्य दोषी रहेको प्रतिवेदन दियो । संविधानसभा असफलताका बहुआयामिक कारणहरु रहेको उल्लेख गर्दै एमालेको प्रतिवेदनमा भनिएको छ, 'माओवादी र अन्य दलहरुको उद्देश्यमै रहेको भिन्नता, संविधानसभा निर्वाचनपछि शुरु भएको अविश्वासको श्रृंखला, शान्ति प्रक्रियामा उत्पन्न बिलम्ब, संविधानसमा संविधान निर्माणमा भन्दा पनि सरकार परिवर्तनको संसदीय भूमिकामा बढी केन्द्रीत हुने स्थिति, महत्वकांक्षी समयसीमा, दलहरु विशेष गरेर माओवादी पार्टीभित्रको विवाद, अदालतका फैसलाहरु र भूराजनीति समेत यसका कारण छन् । संघीयताको विषयमा माओवादी, मधेशी दल र अन्य दलहरुबीचमा रहेका आधारभुत भिन्नताको सही व्यवस्थापन हुन नसक्नु र यसमा दलभित्रै पनि सामाजिक समूहको दबाब बढ्नु पनि अर्को कारण रहेको छ ।'[8]

काँग्रेसले पनि माओवादीले षडयन्त्रमूलक ढंगबाट संविधानसभा विघटन गरेको आरोप लगायो । काँग्रेसले 'नियोजित रुपमा सत्ता कब्जा गर्ने एनेकपा (माओवादी)को षडयन्त्रबाट नेपाली जनताद्वारा निर्वाचित ऐतिहासिक संविधानसभा हठात अवसान भएको र संविधानसभा, व्यवस्थापिका-संसद, राजनीतिक सहमति र संवैधानिक प्रक्रियालाई छलेर सरकारले कपटपूर्ण ढंगले एकलौटी गरेको निर्वाचन घोषणाले देशलाई गम्भीर संवैधानिक र राजनीतिक संकटतर्फ धकेलेको भन्दै सरकारको कदमलाई असंवैधानिक, प्रतिगामी र निरङकुश' भनी टिप्पणी गऱ्यो ।[9] 'सत्ताकब्जाका लागि एकपछि अर्को ब्युहरचना गर्दै आएको माओवादीको पछिल्लो शिकार संविधानसभा हुनपुगेको छ । सरोकारवाला सभासद, संसदमा रहेका दलहरू, सभामुख र आफ्नै पार्टीभित्र समेत थाहा नदिई लिइएको यो कदम घोर असंवैधानिक र अप्रजातान्त्रिक हो भन्ने छर्लङ्ग भइसकेको छ । कथित निर्वाचनको आवरणमा चालिएको यो कदमबाट शान्ति, लोकतन्त्र, गणतन्त्र, संघीयता र संविधान लेखनको कार्य एकसाथ गम्भीर खतरामा परेका छन्', २०६९ साल जेठ २५ गते बसेको विपक्षी दलको बैठकले भन्यो, 'वर्तमान स्थितिमा समस्त संघीय लोकतान्त्रिक गणतन्त्रवादी र शान्तिकामी तथा संविधानका पक्षधर समस्त नेपाली नागरिकहरू माओवादीको सम्पूर्ण सत्ताकब्जाको नियोजित दुष्प्रयास एकदलीय अधिनायकवादी तथा सर्वसत्तावादी दुस्साहसका बिरूद्ध ऐक्यबद्ध रूपमा षड्यन्त्रलाई विफल बनाउन जुट्नु ऐतिहासिक दायित्व भएको छ ।'[10]

त्यसो त माओवादी उपाध्यक्ष मोहन बैद्य र महासचिव रामबहादुर थापाले पनि संविधानसभा विघटन हुनुमा आफ्नै पार्टीका शिर्ष नेताहरु सबैभन्दा बढी दोषी रहेको आरोप लगाए । 'संविधान सभा मार्फत् संविधान निर्माण हुन नसक्नुका पछाडि संविधान सभाभित्र निरन्तर चल्दै आएको सत्ता लिप्साको अर्न्तद्वन्द्व तथा नयाँ संविधान विरोधी षडयन्त्र, प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुको असक्षमता, वैदेशिक प्रतिक्रियावादी हस्तक्षेप, पुरानो एकाधिकारवादी सत्ताको अवरोध, माओवादी नेतृत्वको एउटा हिस्सामा बढ्दै गएको वर्गीय तथा राष्ट्रिय आत्मसर्मपणवादी चिन्तन लगायतका कारणहरुले काम गरेका छन् । यस सन्दर्भमा संवैधानिक उपसमितिमा रहेका प्रमुख दलका शीर्ष नेताहरु, संविधान सभाका अध्यक्ष र मुख्य रुपमा यस समितिका संयोजक प्रचण्ड तथा प्रधानमन्त्री डा. बाबुराम भट्टराई सबैभन्दा बढी जिम्मेवार रहेको देखिन्छ ।'[11]

---

[5] २०६९ साल जेठ १५ गते एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले पत्रकार सामू गरेको सम्बोधन ।

[6] २०६९ साल जेठ २० गते नेपाली काँग्रेसले सार्वजनिक गरेको प्रेस बक्तव्य ।

[7] २०६९ साल जेठ १८ गते नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले पत्रकार सम्मेलनमा सार्वजनिक गरेको प्रेस बक्तव्य ।

[8] नेकपा एमालेका सचिव शंकर पोखरेल रहेको संविधानसभाको चारवर्ष समीक्षा कार्यदलले २०६९ साल भदौ २१ गते पार्टी अध्यक्ष झलनाथ खनाललाई बुझाएको श्वेतपत्र ।

[9] २०६९ साल जेठ १६ गते नेपाली काँग्रेस केन्द्रीय कार्य समितिको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[10] २०६९ साल जेठ २५ गते बसेको विपक्षी दलहरुको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[11] २०६९ साल जेठ १९ गते एकीकृत नेकपा माओवादीका उपाध्यक्ष मोहन बैद्य र महासचिव रामबहादुर थापाले जारी गरेको प्रेस विज्ञप्ति ।

**दलिय ध्रुविकरण**

संविधानका विषयवस्तुमा एकातिर माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा निकट थिए भने अर्कातर्फ काँग्रेस र एमालेबीच घनिष्टता थियो । सरकारले संविधानसभाको निर्वाचन घोषणा गर्नासाथ त्यसको पक्ष र विपक्षमा तीव्र धुव्रीकरण सुरु भइहाल्यो । सरकारको कदम विरुद्ध काँग्रेस, एमाले, मधेशी जनअधिकार फोरम, राष्ट्रिय जनशक्ति पार्टी र मधेशी जनअधिकार फोरम लोकतान्त्रिक (शरतसिंह भण्डारी) तत्कालै एकजुट भए । २०६९ साल जेठ १५ गते काँग्रेस, एमाले, राप्रपा, राष्ट्रिय जनशक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, नेकपा माले, चुरे भावर राष्ट्रिय एकता पार्टीलगायतका विपक्षी दलहरुको बैठक बस्यो । बैठकले माओवादी र सरकारको विरोध गर्दै भन्यो, 'सहमति भइसकेको विषयहरुलाई समेटेर संविधान जारी गर्ने र विवादित बाँकी विषयहरुलाई रुपान्तरित व्यवस्थापिका संसदबाट टुंगो लगाउने अथवा नयाँ जनादेशको लागि निर्वाचनमा जान संविधान संशोधन गरी उपयुक्त वैधानिक व्यवस्था मिलाउनका लागि सभामुखसमेतको सहमतिमा संशोधन प्रस्तावको मस्यौदा समेत तयार भएको अवस्थामा अत्यन्त आपत्तिजनक र षडयन्त्रपूर्ण ढंगबाट मन्त्रिपरिषद्ले राजनीतिक दलहरु एवं सांसदहरु समेतलाई गुमराहमा राखी संविधानसभाको अन्त्य गर्ने कार्यको भर्त्सना गरेको छ ।'[12]

सरकारका कदम विरुद्ध विपक्षीहरु थप सक्रिय भए । संविधानसभा विघटन भएको दुई दिनपछि आयोजित बैठकमा १५ दलका नेता उपस्थित भए । उनीहरुले संविधानसभा विघटनमा माओवादी दोषी रहेको भन्दै सरकार विरुद्ध आन्दोलनमा जाने निर्णय गरे भने राजनीतिक संकटको निकासका लागि राष्ट्रिय सरकारको गठन गरी त्यसले निर्वाचन गर्ने निष्कर्ष निकाले ।[13] सोही दिन भएको सत्ता पक्षीय गठबन्धनको बैठकमा चाहिं १६ राजनीतिक दलको सहभागिता रह्यो ।[14] बैठकले निर्वाचन गराउने सरकारी निर्णयको स्वागत गर्दै भन्यो, 'यो निर्णय संवैधानिक, लोकतान्त्रिक र सर्वोच्च अदालतले गरेको फैसला अनुरुप छ । हामी यसलाई स्वागत गर्छौं, संविधानसभा विघटन हुने तत्कालिन स्थितिमा पुन जनताको जनादेश लिँदै संविधानसभाको अर्को चुनाव गराउनु नै सरकारको बाध्यता थियो ।'[15] शुरुमा सत्ता पक्षीय गठबन्धनले निर्वाचनलाई जोड दियो । उता, विपक्षी दलहरु भने आक्रोशित थिए । 'संविधानसभामा भएका महत्वपूर्ण कामहरुलाई सुरक्षित राख्दै राजनीतिक सहमतिको आधारमा संवैधानिक रिक्तता र राजनीतिक संकट आउन नदिई अगाडि बढ्न सकिने विभिन्न विकल्पहरु हुँदाहुँदै प्रधानमन्त्रीले सत्ताकब्जाको गलत मनसाय एवम् संविधान, कानून, प्रक्रिया र सहमतिको राजनीति विपरित स्वेच्छाचारी किसिमले गर्नुभएको संविधानसभाको निर्वाचन हुनसक्ने अवस्था नै छैन,' विपक्षी दलहरुको निष्कर्ष थियो, 'राजनीतिक दलहरुसँग कुनै परामर्श नगरी तथा संविधानसभाका अध्यक्ष एवम् राजनीतिक दलहरुले संविधानसभामा भएका उपलब्धिहरुको रक्षा गर्दै देशलाई रिक्ततामा जान नदिन गरेको प्रस्तावलाई समेत अस्वीकार गरी एकलौटीरुपमा निर्वाचनको घोषणा गर्नु संविधान र राजनीतिक दलहरुका बीच भएका सहमतिको विरुद्ध छ र यसले राष्ट्रिय राजनीतिलाई सहमतिको मार्गबाट द्वन्द्व र मुठभेडको कुमार्गतर्फ धकेलेको छ ।'[16]

विपक्षी गठबन्धनले सरकार विरुद्ध सडक आन्दोलनमा जाने निर्णय गऱ्यो । गठबन्धनमार्फत विपक्षी दलहरुले आन्दोलनलाई तिव्रता दिने र सरकारलाई झुकाउने प्रयास गरे । २०६९ साल जेठ १९ गते भएको विपक्षी १९ दलको बैठकले जेठ २६ गते राजधानीमा प्रदर्शन गर्ने निर्णय गर्दै भन्यो, 'सर्वसत्तावादी सोच र शैलीका साथ अनेकौं छलकपटमा रहेको यस सरकारका विरुद्ध हामी निरङकुशता र सत्ताकब्जा रोकी लोकतन्त्रको रक्षा गर्न, नयाँ संविधान निर्माणको संवैधानिक निकास दिन र राष्ट्रिय राजनीतिलाई सहमतिको दिशामा फर्काउन देशव्यापी रुपमा शान्तिपूर्ण संघर्षमा उत्रिन आम जनसमुदायलाई हार्दिक आह्वान गर्दछौं ।'[17] विपक्षीहरुले २६ गते जनप्रदर्शन गरी 'माओवादीको सर्वसत्तावाद र निरङ्शुकताविरुद्ध थप संघर्ष गर्ने' उद्घोष पनि गरे । २०६९ साल असार २ गते विपक्षी मोर्चाले आन्दोलन गर्ने घोषणा गऱ्यो भने त्यसै समय काँग्रेसले सरकारविरुद्ध छुट्टै आन्दोलन पनि घोषणा गऱ्यो ।

दलहरुबीच विवाद जारी रहेका बेला सत्तारुढ दलले माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धनको घोषणा गरे ।[18] यसले मुलुकको राजनीतिक निकासका लागि पहिलो विकल्प संविधानसभा व्यवस्थापिका निर्वाचन भएको स्पष्ट पाऱ्यो । 'यसका लागि वर्तमानमा देखिएका संवैधानिक जटिलताहरु र राजनीतिक अन्योलको अन्त्यका लागि राजनीतिक दलहरुबीच

---

[12] २०६९ साल जेठ १५ गते बसेको दलहरुको बैठकपछि नेपाली काँग्रेसले जारी गरेको प्रेस विज्ञप्ति ।

[13] २०६९ साल जेठ १६ गते नेपाली काँग्रेसको सानेपास्थित भएको दलहरुको बैठकमा काँग्रेस, एमाले, राप्रपा, राजपा, मधेशी जनअधिकार फोरम, सदभावना (आनन्दीदेवी), नेकपा माले, चुरे भावर राष्ट्रिय एकता पार्टी, परिवार दल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल लोकतान्त्रिक समाजवादी दल, नेकपा मार्क्सवादी, समाजवादी जनता पार्टी र नवनेपाल निर्माण पार्टी सहभागी थिए ।

[14] २०६९ साल जेठ १६ गते पेरिसडाँडा स्थित माओवादी कार्यालयमा भएको बैठकमा माओवादी, तराई मधेश लोकतान्त्रिक पार्टी, सदभावना पार्टी, तराई मधेश लोकतान्त्रिक पार्टी (नेपाल), मधेशी जनअधिकार फोरम लोकतान्त्रिक, मधेशी जनअधिकार फोरक गणतान्त्रिक, संघीय सद्भावना पार्टी, माले समाजवादी, चुरे भावर राष्ट्रिय एकता पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, जनता दल युनाइटेड, नेकपा एकीकृत, समाजवादी पार्टी, नेपाल परिवार दल, नेपा राष्ट्रिय पार्टी र नव नेपाल पार्टीको उपस्थिति थियो ।

[15] २०६९ साल जेठ १६ गते बसेको सत्तापक्षिय १६ दलको बैठकपछि जारी प्रेस वक्तव्य ।

[16] २०६९ साल जेठ १९ गते नेकपा एमालेको केन्द्रीय कार्यालयमा भएको १९ दलको बैठकपछि जारी संयुक्त प्रेस वक्तव्य ।

[17] २०६९ साल जेठ १९ गते नेकपा एमालेको केन्द्रीय कार्यालयमा भएको १९ दलको बैठकपछि जारी संयुक्त प्रेस वक्तव्य ।

[18] २०६९ साल साउन ३१ गते घोषणा गरिएको संघीय लोकतान्त्रिक गठबन्धनमा नेकपा माओवादी, मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक), तराइ मधेश लोकतान्त्रिक पार्टी, सदभावना पार्टी, नकेपा माले (समाजवादी), दलित जनजाति पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल परिवार दल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट), नेपाः राष्ट्रिय पार्टी, समाजवादी जनता पार्टी, नेपाल लोकतान्त्रिक समाजवादी दल, जनता दल युनाइटेड, नव नेपाल निर्माणपार्टी, राष्ट्रिय सदभावना पार्टी, चुरे भावर राष्ट्रिय एकता पार्टी, नेपाली जनता दल र स्वतन्त्र पूर्व सभासद् सदरुल मियाँ हक छन् ।

साझा सहमति र समझदारी हुनु आवश्यक छ । यसमा २०६४ सालको संविधानसभाको निर्वाचनमा भाग लिएका र विगतमा नेपाली जनताले परिवर्तन र अग्रगमनका लागि गरेका आन्दोलनहरुको भावना र लक्ष्यबमोजिम पहिचान सहितको संघीयता, समावेशी लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता तथा समग्रमा राज्यको अग्रगामी पुनर्संरचनाको पक्षमा उभिएका राजनीतिक शक्तिहरुबीच साझा सहमति खोजिनुपर्छ ।[19] गठबन्धनले दोस्रो विकल्पमा मात्र संविधानसभाको पुनस्थापनाबाट संविधान जारी गरी त्यसपछि व्यवस्थापिका संसदको चुनावलाई लियो । गठबन्धनले विपक्षीहरुप्रति थप आक्रमक हुने गरी तत्कालिन कार्यभार पनि सार्वजनिक गऱ्यो । जसमा 'संविधानसभाको अन्त्य गराउने नयाँ अग्रगामी संविधान विरोधी तत्वहरुलाई जनताको कठघरामा उभ्याउने, तिनीहरुको असली चेहराको राजनीतिक भण्डाफोर गर्ने र तिनीहरुलाई जनताबाट विस्थापित गराउने'[20] पनि भनिएको थियो ।

यसबाट विपक्षी दलहरु आक्रोशित भए । उनीहरुले सत्तापक्षले 'मुठभेठ'को तयारी गरेको आरोप लगाए । दलहरुबीच राष्ट्रिय सहमतिको सरकार गठन लगायतका विषयमा प्रयास र प्रगति भइरहेको वेला त्यसलाई विथोल्ने प्रतिक्रिया दिए । त्यसैवेला माओवादी अध्यक्ष दाहालले सुशिल कोइरालाको नामै लिएर कटाक्ष गरे । 'सुशील कोइराला जस्ता नेताहरुबाट सहमति नहुने रहेछ भनेर जनताका नजरमा एक्सपोज नगरी नहुने रहेछ । केहीदिन यता त्यो प्रवृतिका नेताहरु विरुद्ध म अलि आक्रामक भएको हुँ' उनले भने, 'काँग्रेसभित्र पनि सहमति र संविधानसभा पुनस्थापना होस भन्ने नेताहरु छन् । उनीहरुलाई बल मिलोस भनेर यसो गर्नु परेको हो ।'[21]

दाहालको यो भनाईले कांग्रेसलाई वढी नै आक्रोशित बनायो । 'सत्ता कब्जा गर्ने एनेकपा (माओवादी) नेतृत्वको सरकारको सुनियोजित षडयन्त्रबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण नहुँदै संविधान सभा विघटन भए पश्चात मुलुकमा गम्भीर राजनीतिक एवं संवैधानिक संकट खडा भएको छ । संविधानसभा, व्यवस्थापिका संसद, राजनीतिक दलहरुबीचको सहमति सबैलाई छलेर अत्यन्त कपटपूर्ण ढंगले सत्ता लम्ब्याउन सरकारले गरेको निर्वाचनको घोषणा समग्ररुपले असंवैधानिक र निरंकुश छ,' काँग्रेस केन्द्रीय समितिको बैठकले भन्यो, 'यो अवस्थामा सरकारले घोषणा गरेको निर्वाचन कुनै पनि हालतमा सम्भव छैन । सरकारको यो सर्वसत्तावादी कदमका विरुद्ध नेपाली कांग्रेस लगायत २४ राजनीतिक दलहरुले प्रारम्भ गरेको संघर्ष र विरोधका देशव्यापी कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउने निर्णय गर्दछ ।'[22]

'मुलुकमा देखिएको संवैधानिक र राजनीतिक संकट दिनप्रतिदिन गहिरिँदै गएको आजको परिस्थितिमा संकटबाट सुरक्षित अवतरण गराउँदै संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नेपाली जनताको चाहनालाई साकार पार्न सबै राजनीतिक दलहरुको बीचमा राष्ट्रिय सहमति अनिवार्य देखिएको छ । यसका लागि सबै राजनीतिक दलहरुसँग वार्ता र संवादलाई अगाडि बढाउन नेपाली कांग्रेस अग्रसरता लिने निर्णय गर्दछ,'-काँग्रेसले आफनो निर्णयमा उल्लेख गरेको थियो ।[23] यता प्रधानमन्त्री बाबुराम भट्टराईले पनि आफू सहमतिको पक्षमा नै रहेको प्रतिक्रिया दिए । 'राजनीतिक सहमति हुन्छ, निकास निस्कन्छ र अर्को वैधानिक सरकार बन्छ भने हामी एक सेकेन्ड पनि ढिला नगरी बाटो खोल्न तयार छौं । म आफै प्रधानमन्त्री बन्न राजनीतिमा आएको होइन र प्रधानमन्त्री बनिरहनु मेरो अभिष्ट पनि होइन' प्रधानमन्त्रीले भने, 'संविधानसभा र व्यवस्थापिका-संसदको आकस्मिक अवसान पछि स्वत: कायम रहेको यो सरकारको र त्यसको नेतृत्वको हैसियतमा मेरो अनन्तकालसम्म पदमा वसिरहने कुनै मनसाय र इच्छा छैन । परन्तु अर्को वैधानिक सरकार नवनेसम्म र यो सरकार रहिरहेसम्म यसले राज्यसंचालनका न्यूनतम दायित्व निर्वाह गरिराख्नै पर्छ । अग्रगामी राजनीतिक निकासवारे दलहरु वीचमा प्याकेजमा सहमतिसँगै तुरुन्त विदा हुन यो सरकार आतुर छ । यसवारे कसैमा रत्तिभर आशंका रहन आवश्यक छैन ।'[24] प्रधानमन्त्रीले त्यस्तो अभिव्यक्ति दिएपनि त्यस यता उनले आफनै नेतृत्वमा सहमति गर्नुपर्ने अडान छाडेका छैनन् ।

काँग्रेस, एमाले, नेकपा माओवादी लगायतका दलहरुले आन्दोलन घोषणा गरेपछि २०६९ साल असोज ६ गते सत्तारुढ गठबन्धनले चुनावी अभियान थाल्ने निर्णय गऱ्यो । माओवादी अध्यक्ष दाहालले सहमतिको सरकार त हुने तर काँग्रेसको नेतृत्वमा नहुने बताए । उनले काँग्रेस नेतृत्वमा चुनावी सरकार नस्वीकार्ने तर विगतका सहमति कायम राखी संविधानसभा पुनस्थापना भएमा चाहिं सरकारको नेतृत्व काँग्रेसलाई दिन सकिने बताए ।[25] त्यसपछि काँग्रेस थप आक्रामक बन्यो । विपक्षीहरुले आन्दोलनलाई अघि बढाउने बताए । उनीहरुले सरकार र एकीकृत माओवादीविरुद्ध उनीहरुकै विभाजनपछि बनेको नेकपा माओवादीसँग पनि सहकार्यका लागि समझदारी गरे । तर, नेकपा माओवादीले आन्दोलनका क्रममा असोज ११ गते भारतीय नम्बर प्लेटका गाडीलाई नेपाल आउन रोक लगाएपछि आन्दोलनरत दलहरुबीच विवाद भयो । यसबीचमा दलहरुबीच वार्ता पनि भइरह्यो । संविधानसभा पुनर्स्थापना कि नयाँ संविधानका लागि निर्वाचनमा जाने भन्नेमा दलहरु प्रष्ट नहुँदा अन्योल कायमै रह्यो । प्रतिपक्षी दलहरुले आन्दोलनलाई सशक्त रुपमा अघि बढाएनन् । सहमति हुन लाग्दा आन्दोलनतिर चासो नदिने र विवाद बढेपछि आन्दोलनका विकल्प नदेख्ने प्रवृति विपक्षीहरुमा कायमै रह्यो । यसले गर्दा प्रतिपक्षी

[19] संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धनको नीति तथा कार्यकम, २०६९ ।

[20] संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धनको नीति तथा कार्यकम, २०६९ ।

[21] फुयाल । राजेन्द्र । कोइराला बाधक । कान्तिपुर दैनिक, पृष्ठ १। २०६९ भदौ १ ।

[22] २०६९ साल असार ५ गते बसेको केन्द्रीय कार्य समितिको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[23] २०६९ साल असार ५ गते बसेको केन्द्रीय कार्य समितिको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[24] २०६९ साल भदौ १२ गते प्रधानमन्त्री बाबुराम भट्टराईले राष्ट्रबासीका नाउँमा गरेको विशेष सम्बोधन ।

[25] गंगा विसी । काँग्रेसलाई हुँदैन । पुनर्स्थापना गर्ने भएचाहि हुन्छ । कान्तिपुर दैनिक, पृष्ठ १ । साउन २८ । २०६९।

दलहरु कमजोर जस्तो पनि देखिए । 'माओवादी 'लाखे'को अगाडि प्रतिपक्षमा रहेका दलहरुको 'झ्यालिन्चा' कै अभियानमा आफ्नो भूमिकालाई सिमित राख्ने हो भने पाँच वर्षभित्र प्रतिपक्षको राजनीति दूर्लभ हुनेछ ।[26]

यता, कार्तिक ११ गते बसेको काँग्रेस र एमालेको बैठकले राजनीतिक निकासका अन्य विकल्पमा प्रवेश गर्नुपूर्व वर्तमान सरकारको वहिर्गमन अनिवार्य भएको निष्कर्ष निकाल्यो । एकीकृत माओवादीबाट दिनैपिच्छे जस्तो आइरहने नयाँ-नयाँ प्रस्तावहरुमाथि विश्वास गर्न नसकिने र माओवादी यसो गर्दै सत्ता लम्ब्याउन खोजिरहेको भन्दै बैठकले प्रधानमन्त्रीलाई बर्हिगमन गराउन सत्तारुढ गठबन्धन तयार नहुने हो भने तिहारलगत्तै आन्दोलनमा जाने निर्णय पनि गर्‍यो । कार्तिक २१ गते सरकार परिवर्तनका लागि दबाब दिन काँग्रेस र एमालेले सहमति विना बजेट ल्याउन नदिने निर्णय गरे । सरकार परिवर्तनको छाँटकाँट नदेखेपछि प्रतिपक्षीहरुले कार्तिक २५ गते पत्रकार सम्मेलन गरी आन्दोलनका कार्यक्रम घोषणा गरे । र, मंसिरको पहिलो सातादेखि आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने बताए ।

विपक्षी दलहरुको सहमति विना नै अघिल्लो सरकारको नीति तथा कार्यक्रमलाई मात्र समावेश गरेर पेश गरेको बजेट अध्यादेशलाई राष्ट्रपति रामवरण यादवले स्वीकृत गरे । सरकारले एकतर्फी रुपमा ल्याएको वजेटले आन्दोलनको औचित्यलाई झनै पुष्टि गरेको विपक्षी दलहरुको निष्कर्ष रह्यो । उनीहरुले भने, 'राष्ट्रिय सहमतिविना मुलुकमा समस्याहरुको समाधान गर्न सकिदैन भन्ने हाम्रो अहिले पनि प्रष्ट धारणा छ । हाम्रो जोड नयाँ संविधान निर्माणका लागि ताजा जनादेश र ताजा जनादेशका लागि सहमतिको सरकार भन्ने थियो र हामी आज पनि यस अडानमा अविचलितरुपमा कायम छौं । संवादबाट सहमति खोज्ने हाम्रो प्रयास सफल हुन नसकेपछि हामीले दबाबमार्फत सहमतिमा पुग्न आन्दोलनको घोषणा गरेका थियौ । सरकारको हिजोको निर्णयले  आन्दोलनको औचित्यलाई थप पुष्टि गरेको छ ।'[27]

विपक्षी गठबन्धनले सत्ताबाट प्रधानमन्त्री बाबुराम भट्टराईलाई बाध्य पार्न आन्दोलन गर्ने चेतावनी त दिए । तर आन्दोलनको पक्षमा माहौल बनेन । अपेक्षित रुपमा जनता सडकमा पनि ओर्लिएनन् । उनीहरुले जनतासँग प्रत्यक्ष सरोकार राख्नेभन्दा पनि सत्तालाई प्रमुख प्राथमिकता दिँदा आन्दोलनले धेरैलाई आर्कषित गर्न सकेन ।[28] आन्दोलन गर्नेहरुलाई पनि सडकको दबाबले मात्र प्रधानमन्त्री हट्छन भन्ने विश्वास नै थिएन । वार्तामार्फत सत्तामा जोड दिएका दलहरुले सत्ता पक्षलाई घुर्काउनका लागि मात्र आन्दोलन गरेका थिए । उनीहरुले सर्वसत्तावादका विरुद्ध आन्दोलन गर्ने त भने तर त्यसलाई प्रष्ट पार्न सकेनन् । मूलतः सत्ताको वरिपरि घुमेका दलहरुलाई जनता तथा विभिन्न समुदायबाट पनि समर्थन प्राप्त भएन । यस अवधिमा राजनीति दलहरु झैं विभिन्न संघ संस्थाहरु तथा व्यक्ति पनि निर्वाचन घोषणा गर्ने सरकारको पक्ष र विपक्षमा धुव्रीकृत भए । विपक्षीहरुले बारम्बार सरकारबाट बहिर्गमन हुन आग्रह गरेपनि प्रधानमन्त्रीले भने पद छोडेनन् ।

दलहरुबीच विवाद जारी रहेका बेला २०६९ साल मंसिर ८ गते राष्ट्रपतिले सहमतीय सरकार गठनका लागि सहमतिका आधारमा प्रधानमन्त्री नाम दिन राजनीतिक दलहरुलाई आहवान गरेपछि मुलुकको राजनीतिक परिदृश्य नै मोडियो । राष्ट्रपतिको कदमले सत्तापक्ष आक्रामक रुपमा प्रस्तुत भएपनि विपक्षीहरुले भने आन्दोलनका कार्यक्रम स्थगित गरे । 'हामी लोकतन्त्रको पक्ष तथा सर्वसत्तावाद र निरंकुशताविरुद्ध आन्दोलनरत छौं । यो आन्दोलनको उद्देश्य नयाँ संविधान निर्माणका लागि ताजा जनादेश र त्यसका लागि सहमतिको सरकार गठन हुनुपर्छ भन्ने हो', विपक्षी दलहंको निर्णयमा उल्लेख गरियो, 'यस परिप्रेक्ष्यमा सहमतिको सरकार निर्माण गर्न सम्माननीय राष्ट्रपतिज्यूले गर्नुभएको आह्वानलाई ध्यानमा राख्दै तत्कालका लागि वार्तामा रहनु परेकोले मंसिर १५ र १६ गतेको आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु स्थगित गर्ने निर्णय गरिएको छ ।'[29]

**विवाद अधिकारको**

संविधानसभा विघटनसँगै कार्यकारी अधिकारबारे विवाद सुरु भएको थियो । २०६९  साल जेठ १४ गते राती प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री बाबुराम भट्टराईले कार्यकारी अधिकार आफूमा भएको दाबी गरे । उनले भने, 'अन्तरिम संविधान अनुसार देशको कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहित छ । अन्तरिम संविधानमा स्पष्ट रुपमा कार्यकारी अधिकार मन्त्रिपरिषदमा निहित छ । त्यसो भएको हुनाले कुनै पनि दुविधा हुन्छ भन्ने लाग्दैन । मेरो नेतृत्वको मन्त्रिपरिषद्ले कार्यकारी अधिकार प्रयोग गरी आमनिर्वाचन सम्पन्न गर्नेछ । संविधानले मार्गनिर्देश गरेको पनि यही हो ।'[30] त्यसपछि पनि बारम्वार प्रधानमन्त्रीले कार्यकारी अधिकार आफूमा भएको दाबी गरे ।

एमालेले भने प्रधानमन्त्रीको दाबीलाई स्वीकार गरेन । एमालेको निष्कर्ष थियो, 'जनप्रतिनिधि निकायलाई कायम राखी संवैधानिक बाटोबाटै नयाँ जनादेशमा जाने उपयुक्त बाटो रहँदारहँदै पनि मुलुकलाई संकटतर्फ अघि बढाउने माओवादी नेतृत्वको सरकारले संवैधानिक र

[26] ध्रुव कुमार । प्रतिपक्षी हुनुको अर्थ । कान्तिपुर दैनिक । भदौ ८ । २०६९ ।

[27] २०६९ साल मंसिर ६ गते बसेको विपक्षी गठबन्धनको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[28] हरिबहादुर थापा । कता अलमलियो काँग्रेस । कान्तिपुर दैनिक । पेज १, भदौ ९ । २०६९ ।

[29] २०६९ साल मंसिर १० गते बसेको विपक्षी गठबन्धनको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[30] गंगा  विसी । मंसिर ७ गते निर्वाचन घोषणा । कान्तिपुर दैनिक  पृष्ठ १४ । २०६९ साल जेठ १५ ।

राजनीतिकरुपमा आफ्नो औचित्य गुमाइसकेको छ ।'[31] त्यसपछि एमाले अध्यक्ष खनालले घोषित निर्वाचन हुन नसक्ने पनि प्रष्टयाए । उनले भने, 'हाम्रो पार्टी संविधानसभा विघटन भएको अवस्थामा वर्तमान सरकार कामचलाउ अवस्थामा रहेको निष्कर्षका साथ यस्तो सरकारबाट वर्तमान चुनौतीको सामना गर्दै सहमतिका साथ संविधानसभाको निर्वाचन हुन नसक्ने कुरा स्पष्ट गर्न चाहन्छ ।'[32]

काँग्रेस केन्द्रीय कार्य समितिको बैठकले पनि सरकारको हैसियत समाप्त भएको निष्कर्ष निकाल्यो । 'वर्तमान प्रधानमन्त्री र मन्त्रिपरिषद्लाई सत्तामा रहिरहने कुनै संवैधानिक र राजनैतिक आधार नभएकाले प्रधानमन्त्रीले तत्काल राजीनामा गरी सत्ता छोडनुपर्छ ।'[33] विपक्षी गठबन्धनको बैठकले पनि प्रधानमन्त्री भट्टराईको संवैधानिक र नैतिक हैसियत समाप्त भएको ठहर गऱ्यो । र, भन्यो, 'संवैधानिक आधार समाप्त भइसकेका प्रधानमन्त्रीको हैसियत 'काम चलाउ'मा भएको र उनीबाट भएको निर्वाचनको घोषणाले विधिको शासन र संवैधानिक प्रकृयामाथि आघात पुगेको छ ।'[34]

विपक्षी गठबन्धनले संविधानसभा विघटन भएको र सरकारले राजनैतिक एवं संवैधानिक हैसियत गुमाएको बताएपनि माओवादी अध्यक्ष पुष्पकमल दाहालले भने त्यसलाई स्वीकार गरेनन् । उनले भने, 'मलाइ के लाग्छ भने यो कुनै संवैधानिक संकटको विषय होइन । हामी भ्रममा नपरौं । अहिले कुनै संवैधानिक संकट आएको छैन । चार वर्षभित्र संविधान बनाउन सकेनौ, सर्वोच्चले अब नथप भन्यो, नयाँ चुनावमा जाउ भन्यो, हामीले त्यही गऱ्यौ । अनि संवैधानिक संकट कहाँबाट आउँछ ? यो बाहियात कुरा हो । संवैधानिक संकट छैन ।[35]

विभिन्न पार्टी तथा संघसंस्थाका प्रतिनिधिहरुले राष्ट्रपतिकहाँ पुगेर प्रधानमन्त्री बाबुराम भट्टराईलाई हटाउन आग्रह गरिसकेका थिए । विपक्षी गठबन्धनले ज्ञापनपत्र बुझाइ संविधानको धारा ३६ (क) अनुसार संविधानको संरक्षण र पालना गर्नुपर्ने प्रावधानलाई समेत ध्यानमा राख्दै उपयुक्त कदम चाल्न राष्ट्रपतिलाई अनुरोध गरे ।[36] उनीहरुले राष्ट्रिय सहमतिको सरकार गठनका लागि पहल थाल्न राष्ट्रपतिलाई आग्रह गरे ।[37] जवाफमा राष्ट्रपतिले भने, 'अहिले संसद र संविधानसभा छैन । मैले भन्ने संविधानसभा अध्यक्षलाई हो । उहाँ पनि संविधानतः पदमुक्त भइसक्नुभयो । अब त्यो अवस्था छैन । म संविधानभन्दा बाहिर जान सक्दिन ।'[38]

क्षेत्राधिकारबारे वहस शुरु भएका बेला प्रधानमन्त्री भट्टराईले राष्ट्रपति यादवसँग भेट गरे । भेटमा राष्ट्रपति यादवले राष्ट्रिय सहमतिको वातावरण बनाएर जान सुझाव दिएका थिए ।[39] प्रधानमन्त्री कार्यालयले प्रधानमन्त्री र राष्ट्रपतिवीच भएको वार्ता सार्वजनिक गरेको केही समयमै राष्ट्रपतिले संविधानसभा र व्यवस्थापिका संसद नरहेको अवस्थामा प्रधानमन्त्रीको पद स्वतः समाप्त भएको स्पष्ट पारे । राष्ट्रपति कार्यालयले निकालेको प्रेस विज्ञप्तिमा 'नेपालको अन्तरिम संविधान २०६३ को धारा ३८ को उपधारा (७) मा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुने विभिन्न ४ वटा अवस्था उल्लेख गरिएको र सो उपधाराको खण्ड (ख) मा 'निज व्यवस्थापिका संसदको सदस्य नरहेमा' भन्ने वाक्यांश रहेको उल्लेख गर्दै भनियो, 'माथिको व्यहोराबाट संविधानसभा र व्यवस्थापिका संसदको अस्तित्व समाप्त भइसकेको स्थितिमा व्यवस्थापिका संसदको सदस्यको हैसियतमा प्रधानमन्त्रीको उम्मेदवार बनी निर्वाचित हुनुभएका तत्कालिन संविधानसभाका माननीय सदस्य डा बाबुराम भट्टराईको सदस्यता समेत संविधानसभाको समाप्तिसँगै स्वतः समाप्त हुन गएकोले ..... सम्माननीय राष्ट्रपतिले संवत २०६८ साल भाद्र १२ गतेका दिन तत्कालिन संविधानसभाका माननिय सदस्य डा बाबुराम भट्टराईको अध्यक्षतामा गठित मन्त्रिपरिषद्लाई नेपालको अन्तरिम संविधान २०६३ को धारा ३८ को उपधारा (९) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म दैनिक कार्य सञ्चालन गर्न स्मरण गराउनु भएको छ ।'[40]

राष्ट्रपतिले स्वतः काम चलाउ सरकार भनेकाले प्रधानमन्त्रीको राजीनामा माग्ने कि नमाग्ने भन्नेमा विपक्षी दलहरुबीच छलफल भयो । पछि दलहरुले प्रधानमन्त्रीको राजीनामा भन्दा पनि वहिर्गमन र प्रधानमन्त्रीले बाटो खोलिदिनुपर्नेमा जोड दिए । निर्वाचन सम्बन्धी अध्यादेश सान्दर्भिक नभएको भनी संविधानको बाधा अडकाउ फुकाउन सरकारले गरेको सिफारिसलाई स्वीकार नगर्दा, निर्वाचनको मिति माग्दा, राष्ट्रिय सहमतिको सरकार गठन लगायतमा राष्ट्रपति र प्रधानमन्त्री कार्यालयबीच द्वन्द्व देखियो । दलहरुबीच पटकपटक छलफल हुने तर

---

[31] २०६९ साल जेठ १५ गते एमाले अध्यक्ष झलनाथ खनालले जारी गरेको प्रेस विज्ञप्ति ।

[32] २०६९ साल जेठ १६ गते एमाले अध्यक्ष झलनाथ खनालले जारी गरेको प्रेस विज्ञप्ति ।

[33] २०६९ साल जेठ १६ गते नेपाली काँग्रेसले जारी गरेको प्रेस विज्ञप्ति ।

[34] २०६९ साल जेठ १६ गते नेपाली काँग्रेसको सानेपास्थित भएको दलहरुको बैठकमा काँग्रेस, एमाले, राप्रपा, राजपा, मधेशी जनअधिकार फोरम, सदभावना (आनन्दीदेवी), नेकपा माले, चुरे भावर राष्ट्रिय एकता पार्टी, परिवार दल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल लोकतान्त्रिक समाजवादी दल, नेकपा मार्क्सवादी, समाजवादी जनता पार्टी र नवनेपाल निर्माण पार्टी सहभागी थिए ।

[35] २०६९ साल जेठ १५ गते आयोजित पत्रकार सम्मेलनमा माओवादी अध्यक्ष पुष्पकमल दाहालले व्यक्त गरेको विचार ।

[36] (१) नेपालमा एक जना राष्ट्रपति रहनेछन । (२) राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष हुनेछ र सोही हैसियतमा यस संविधान र प्रचलित कानून बमोजिम निजले आफ्नो कार्य सम्पादन गर्नेछ । (३) संविधानको संरक्षण र पालना गर्नु राष्ट्रप्रमुखको प्रमुख कर्तव्य हुनेछ । नेपालको अन्तरिम संविधान २०६३ (धारा ३६ क) ।

[37] विपक्षी गठबन्धनमा रहेका १५ वटा राजनीतिक दलका नेताले राष्ट्रपति रामवरण यादवलाई भेटी २०६९ साल जेड १६ गते ज्ञापनपत्र बुझाएका थिए ।

[38] कुलचन्द्र न्यौपाने । राष्ट्रिय सहमति विना कदम चाल्दिन : राष्ट्रपति । कान्तिपुर दैनिक, पृष्ठ २, २०६९ साल जेठ १७ ।

[39] राष्ट्रपति र प्रधानमन्त्रीबीच भेट, राष्ट्रिय सहमति कायम गरेर अगाडि बढने । **Retrieved December 18, 2012, from** http://www.baburambhattarai.com/content.php?update=182

[40] २०६९ साल जेठ १६ गते राष्ट्रपतिको कार्यालयबाट जारी प्रेस विज्ञप्ति ।

सहमति नभएपछि राष्ट्रपतिले दलहरुसँग निर्वाचनको मिति मागेका थिए । यता प्रधानमन्त्री भट्टराईले भने 'राष्ट्रपतिलाई निर्वाचनको मिति माग्ने अधिकार नभएको' जिकीर गरे ।

राष्ट्रिय सहमतिको सरकार गठनका लागि राष्ट्रपतिले गरेको आह्वानका कारण राष्ट्रपति कार्यालय र प्रधानमन्त्री कार्यालयबीचको विवाद उत्कर्षमा पुग्यो । राष्ट्रिय सहमतिको सरकार गठनका लागि आह्वान गर्दै राष्ट्रपति कार्यलयबाट जारी गरिएको विज्ञप्तीमा उल्लेख छ, 'सम्मानीय राष्ट्रपति डा. रामवरण यादवले संवत २०६५ साल जेठ १५ गतेदेखि प्रारम्भ भएको संविधानसभाको कार्यकाल २०६९ जेठ १४ गते पश्चात समाप्त भइ व्यवस्थापिका संसद समेत नरहेको अवस्थामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (९) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरिरहने व्यहोरा समेत मिति २०६९/०२/१६ मा जानकारी गराइएको र मुलुकमा विद्यमान राजनैतिक एंव संवैधानिक गतिरोधको अन्त्य गर्दै जनताको चाहना बमोजिम संविधानसभाद्वारा नयाँ संविधान निर्माण गरी निकास दिने सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको आदेशलाई समेत ध्यानमा राखी सरकार, राजनैतिक दलका नेता तथा प्रतिनिधिहरुसँग सामूहिक एवं व्यक्तिगत रुपमा पटक पटक छलफल गर्दापनि संविधानसभाको अवसान भएदेखि हालसम्म राजनैतिक सहमतिको निरन्तर प्रयास रहेतापनि राजनैतिक सहमति कायम भई राजनैतिक एवं संवैधानिक निकास निस्कन र प्रधानमन्त्रीको चयन हुन नसकेकाले नेपालको आन्तरिक संविधान, २०६३ को धारा ३६ क. को संवैधानिक प्रावधान बमोजिमको कर्तव्य समेत बोध गर्दै नेपालको अन्तरिम संविधान, २०६३ को मर्मलाई दृष्टिगत गरी धारा ३८ को उपधारा (१) बमोजिम संवत् २०६९ साल मंसिर १४ गते विहिवारका दिन दिनको १६:०० बजे सम्ममा राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्रीको चयन र निजको अध्यक्षता मन्त्रिपरिषद् गठनको लागि उपयुक्त प्रस्ताव गर्न राजनैतिक दलहरुलाई आह्वान गर्नुभएकोले यो विज्ञप्ति प्रकाशन गरिएको छ ।'[41]

यसको एकीकृत नेकपा माओवादी र सत्तारुढ गठबन्धनले आलोचना गरे भने विपक्षी गठबन्धनले स्वागत गऱ्यो । एमाओवादीले राष्ट्रपतिको कदम 'असंवैधानिक' ठहर गर्दै त्यसको 'भण्डाफोर' गर्ने निर्णय नै गऱ्यो ।[42] त्यो भन्दा एक कदम अघि बढेर सत्तारुढ गठबन्धनले राष्ट्रपतिले कार्यकारी अधिकार नै आफ्नो हातमा लिने खोजेको ठहर गऱ्यो । 'सम्मानीय राष्ट्रपतिद्वारा मिति २०६९/८/८ मा नयाँ सरकार गठन गर्न प्रधानमन्त्रीको नाम सिफारिस गर्न जारी भएको आह्वान नेपालको अन्तरिम संविधान २०६३ को प्रावधान, मर्म र भावना विपरित छ । व्यवस्थापिका संसद नरहेको अवस्थामा राजनीतिक सहमतिमा संविधानमा आवश्यक संशोधन नगरी अघि बढन सकिन्न', २०६९ साल मंसिर ९ गते बसेको संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धनको बैठकपछि जारी बत्तव्यमा भनिएको छ,' व्यवस्थापिका संसदबाट बाहेक अन्य कुनै प्रकारले प्रधानमन्त्रीको निर्वाचन, चयन वा नियुक्तिको परिकल्पना नेपालको अन्तरिम संविधानले गरेको छैन । व्यवस्थापिका संसदको सदस्य नरहेको भनी वर्तमान प्रधानमन्त्रीलाई पदमुक्त भएको भनी नयाँ सरकार गठनको लागि प्रधानमन्त्रीको नाम सिफारिस गर्न आह्वान गर्ने कार्य आफैमा विरोधाभाषपूर्ण रहेको छ । यस्तो अवस्थामा सम्मानीय राष्ट्रपतिद्वारा प्रधानमन्त्रीको नाम सफारिस गर्न आह्वान गर्नु संविधान र कानूनको वर्खिलाप मात्र होइन आलंकारिक राष्ट्रपतिको काम, कर्तव्य र मर्यादा विपरित हुनुका साथै राष्ट्रप्रमुखलाई मर्यादित र सम्मानित गर्ने संविधानको धारा ३६ (क) लाई समेत प्रयोग गरि सम्माननिय राष्ट्रपतिले कार्यकारी अधिकार आफ्नो हातमा लिन खाजेको मनसाय प्रष्ट रहेको बैठकको ठहर छ । अतः यसलाई अबिलम्ब सच्चाउन बैठकले माग गरेको छ ।[43] राष्ट्रिपतिको आह्वानलाई सरकारले पनि असंवैधानिक ठहर गऱ्यो । मन्त्रिपरिषद्को निर्णयमा 'राष्ट्रपतिको कार्यालयको मिति २०६९/८/८ को पत्र नेपालको अन्तरिम संविधान, २०६३ को भावना र मर्म विपरित रहेको'[44] उल्लेख गरियो ।

**विकल्प आ-आफ्नै**

शुरुमा एकीकृत नेकपा माओवादीले नयाँ संविधानसभाको निर्वाचन सबैभन्दा उत्तम विकल्प ठान्यो । त्यसैले नै संविधानसभाको म्याद समाप्त हुनु केही समय अघि सरकारले मंसिर ७ गतेका लागि संविधानसभा निर्वाचनको मिति निर्धारण गऱ्यो । २०६९ साल जेठ १५ गते बसेको माओवादीको स्थायी समिति बैठकले सर्वोच्च अदालतको आदेश अनुसार चुनाव घोषणा गरिएको भन्दै त्यसको स्वागत गऱ्यो । र, सरकारको नेतृत्व सहमति नभई नछोड्ने निर्णय स्पष्ट पाऱ्यो । जसलाई सत्तापक्षीय गठबन्धनमा रहेका दलहरुले पनि समर्थन गरे । यस अतिरिक्त माओवादी नेतृत्वले आगामी निर्वाचनमा दुई तिहाइ मत ल्याउने गरी लाग्न आफ्ना नेता/कार्यकर्तालाई निर्देशन नै दियो ।

यता, नेपाली काँग्रेस, एमाले लगायतको गठबन्धनको बैठकले पनि निर्वाचनको विकल्प नभएको निष्कर्ष निकाल्यो । त्यसका लागि उनीहरुले राष्ट्रिय सहमतिको सरकार र त्यसले नियम कानून संशोधन गर्न आवश्यक भएको निर्णय गरे । जेठ १६ गते काँग्रेस केन्द्रीय कार्यालयमा बसेको विपक्षी दलहरुको बैठकपछि निकालिएको विज्ञप्तिमा 'प्रधानमन्त्रीको गलत कदमका कारण सिर्जना भएको वर्तमान राजनीतिक संकटको समाधान राष्ट्रिय सहमतिको आधारमा निर्माण हुने राष्ट्रिय सरकार एवं संविधान संशोधन गरी विधि सम्मत ढंगले हुने निर्वाचन नै हो' भन्ने उल्लेख गरियो । त्यसअघि नै एमालेले 'संविधानसभा भंग भइसकेको स्थितिमा जनताको सार्वभौमसत्ताको रक्षाका साथै संविधानसभाबाट नयाँ संविधान निर्माणको कामलाई पूर्णता दिन राजनीतिक दलहरुको सहमतिका आधारमा ताजा जनादेशमा जान पार्टी तत्पर रहेको कुरा' विज्ञप्तीमार्फत जानकारी गराएको थियो । जेठ १८ गते एमाले र जेठ २० गते काँग्रेसले पत्रकार सम्मेलन गर्दै

---

[41] २०६९ साल मंसिर ८ गते राष्ट्रपति कार्यालयले जारी गरेको प्रेस विज्ञप्ति ।

[42] गंगा विसी । राष्ट्रपतिको कदम असंवैधानिक । Retrieved December 18, 2012, from http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=284231

[43] २०६९ साल मंसिर ९ गते संयुक्त लोकतान्त्रिक गणतान्त्रिक गठबन्धनको बैठकपछि जारी प्रेस बत्तव्य ।

[44] २०६९ साल मंसिर ९ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय ।

विघटनको दोष माओवादीलाई लगाए भने चुनाव नौटंकी मात्र भएको टिप्पणी गरे । उनीहरुले राष्ट्रिय सहमतिको सरकार गठनमा विशेष जोड दिएका थिए ।

माओवादीको बैद्य पक्षले भने गोलमेचसभाको माग गर्‍यो । 'आज देश र जनताका लागि नयाँ राजनीतिक निकास तथा विकल्पको आवश्यकता छ । त्यसका लागि छिटो भन्दा छिटो सबै राजनीतिक दल, मजदुर, किसान सहित उत्पीडित वर्ग, महिला, जनजाति, दलित, मुश्लिम, मधेसी, पिछडिएको क्षेत्रका समुदाय सहितको समानुपातिक समावेशी प्रतिनिधित्वका आधारमा सर्वपक्षीय गोलमेच सभाको आयोजना गरिनु पर्दछ र यसै सभा मार्फत् अन्तरिम संयुक्त राष्ट्रिय सरकारको गठन र नयाँ संविधानको निर्माणको अधुरो कार्यलाई पूर्णता दिनुका साथै समग्र राजनीतिक निकास निकालिनु पर्दछ ।'[45] पछि यो समुहले एकीकृत माओवादीवाट अलग भई नेकपा-माओवादी नामको छुट्टै पार्टी गठन गर्‍यो ।

यता काँग्रेसका केही पुर्व सभासद्हरुले जेठ २१ गतेदेखि संविधानसभा ब्यूँताउन हस्ताक्षर अभियान शुरु गरे । सभापति सुशील कोइरालाले अभियानबारे पार्टीमा छलफल चलाउने बताए भने उनीहरुले २२ गते राष्ट्रपति यादवलाई भेटी आफ्नो अभियानबारे जानकारी गराए । प्रधानमन्त्रीले चाहिं 'संविधानसभा ब्यूताउने प्रस्ताव बेकारको भएको' टिप्पणी गरे । तर, त्यसको भोलीपल्ट जेठ २३ गते माओवादीले गरेको अन्तर्क्रियामा अध्यक्ष दाहालले निर्वाचन उपयुक्त भएपनि विकल्पमा संविधानसभा ब्यूँताउन पनि सकिने धारणा व्यक्त गरे । लगत्तै काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाले पनि संविधानसभा ब्यूताउनुपर्ने बताए । उता विपक्षी दलहरुले निर्वाचनको पक्षमा रहेको दाबी गरेपनि सरकारले चुनावको मिति नै घोषणा गर्न नसक्ने बताए । 'अन्तरिम संविधानले अर्को संविधानसभाको निर्वाचनमा जाने परिकल्पना नै गरेको छैन । यो कार्य प्रधानमन्त्री वा सत्तारूढ पार्टी माओवादी वा सरकारको अधिकारक्षेत्रभित्रको कुरा नै होइन । सर्वोच्च अदालतको फैसलाले देखाएका ३ विकल्पमध्ये उत्तम विकल्प रोज्ने अधिकार संविधानसभा जीवित हुँदा उसैले निर्णय गर्ने क्षेत्राधिकारको विषय हो' विपक्षी दलको निर्णय उल्लेख गरियो, 'तसर्थ वर्तमान सरकारले अन्तरिम संविधान र संविधानसभाको अनतिक्रम्य अधिकार हनन गरेर आफैँले अर्को संविधानसभाको निर्वाचन घोषणा गरेको छ, जुन गम्भीर असंवैधानिक मात्र होइन अलोकतान्त्रिक, अराजकतापूर्ण तथा आपत्तीजनक कार्य हो ।'[46]

विपक्षीहरुले सरकार निर्वाचन गराउने नभएर सत्ता कब्जा गर्ने षडयन्त्रमा रहेको ठहर गरे । 'अन्तरिम संविधानमा संशोधन गरिएन भने मुलुकका बिसौं लाख युवा मतदाता मतदानबाट बञ्चित हुने, संविधानसभाको अर्को निर्वाचन गर्ने संवैधानिक प्रावधान नभएको जस्ता अनेकौं अड्चन, चुनौती र जटिलता विद्यमान रहेको वर्तमान अवस्थामा निर्वाचन आयोगले पनि औपचारिक जानकारी गराउँदा गराउँदै पनि राजनीतिक दलहरूसँग कुनै सर-सल्लाह तथा सहमति नगरी घोषणा गरिएको संविधानसभाको निर्वाचन, चुनाब गराउनका लागि नभएर सत्ताकब्जाको पहिलो चरणको कार्य हो र कहिले नगर्ने वहानामा सत्ताकब्जाकै षड्यन्त्र हो भन्ने हाम्रो ठहर छ'[47] विपक्षी दलहरुको निर्णयमा उल्लेख गरियो ।

काँग्रेसका केही पूर्व सभासद्ले राजनीतिक भेटघाटलाई जोड दिइ संविधानसभा ब्यूताउन आग्रह गरेका बेला माओवादी अध्यक्ष पुष्पकमल दाहालले पनि यसबारे छलफल गर्न सकिने बताए । उनले जेठ २७ गते भने- 'मैले राष्ट्रपति, काँग्रेस र एमालेका साथीहरुसँग कुरा छलफल गरेको छु । सहमतिको अर्को विकल्प छैन । सहमति गरेर नयाँ चुनावमा जान सकिन्छ । संविधानका विवादित विषयहरुमा सहमति गरेर राष्ट्रपतिमार्फत संविधानसभा पुनर्स्थापना गर्न पनि सकिन्छ ।' जेठ ३० गते एमालेका पृथ्वीसुब्बा गुरुङ, रामचन्द्र झा लगायतका सभासद्हरुले भने संविधानसभा पुनर्स्थापनाको माग उठाए । पछि पूर्व सचेतक भिम आचार्य लगायतका सभासद्ले पनि संविधानसभा पुनर्स्थापनाको पक्षमा अभियान चलाए । प्रधानमन्त्री भट्टराईले भने 'संविधानसभा पुनर्स्थापनाका लागि गरिएको आन्दोलनको कुनै तुक नभएको'[48] बताए । काँग्रेस र एमालेलगायतका विपक्षी दल चाहिं प्रधानमन्त्री भट्टराईले राजीनामामा दिनुपर्ने मागमा केन्द्रीत भए । असार १० गतेको एमाले केन्द्रीय समितिको बैठकले भट्टराई नेतृत्व गरेको सरकार परिवर्तन गर्ने, राजनीतिक सहमतिको सरकार निर्माण गर्ने र त्यसपछि मात्र राजनीतिक निकासबारे छलफल गर्ने निर्णय गर्‍यो ।

यता प्रधानमन्त्री चाहिं आफु राजिनामा नगर्ने अडानमा रहे । बरु, उल्टै प्रतिपक्षलाई धम्की दिए, 'मैले छोडे माघ १९ फेरि दोहोरिन्छ ।' प्रधानमन्त्रीको जिम्मेवारी भनेको बच्चाको खेलौना जस्तो होईन कसैले मार्गदैमा दिने ।' निर्वाचन पछि मात्र अर्को सरकारको सम्भावना भएको उनको भनाई थियो ।[49] यसबीचमा राष्ट्रपतिले राजनीतिक निकास खोज्न दलहरुलाई पटक-पटक आग्रह गरे । दलहरुबीच प्रधानमन्त्रीको राजीनामा आउने र नआउने र सरकार छोडने नछोडनेमा आरोप प्रत्यारोप चल्यो । उता, संविधान संशोधन नभएको अवस्थामा निर्वाचन आयोगले निर्वाचन सम्भव नहुने बतायो । एकीकृत नेकपा माओवादीले भने संविधानसभा पुनर्स्थापनाको मागलाई अघि बढायो । असार २४ गते नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यलाई भेटी एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालले संविधानसभा ब्यूताउन सहयोग गर्न आग्रह गरे ।

साउन ३ गते बसेको एमालेको स्थायी समितिको बैठकले पुनर्स्थापनालाई अस्वीकार गर्दै निर्वाचन नै ठीक भएको निष्कर्ष निकाल्यो । ' हाम्रो पार्टी राजनीतिक सहमतिको सरकार गठन गर्दै सहमतकिासाथ ताजा जनादेशमा जानका लागि संवैधानिक र कानूनी बाधा अडचन

[45] २०६९ साल जेठ १९ गते एकीकृत नेकपा माओवादीका उपाध्यक्ष मोहन बैद्य र महासचिव रामबहादुर थापाले जारी गरेको प्रेस विज्ञप्ति ।

[46] २०६९ साल जेठ २५ गते बसेको विपक्षी दलहरुको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[47] २०६९ साल जेठ २५ गते बसेको विपक्षी दलहरुको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[48] रोहित पराजुली । संविधानसभा पुनर्स्थापना गर्ने अधिकार छैन :प्रधानमन्त्री । नयाँ पत्रिका पृष्ठ ३ । २०६९ साल जेठ २७ ।

[49] **राजीनामा दिँदा संवैधानिक संकट उत्पन्न हुन्छ, असार ११**

फुकाँउदै अघि बढ्न पहल गर्ने निर्णय गर्दछ । विघटित भैसकेको संविधानसभाको पुनस्थापनाको पक्षमा नरहेको स्पष्ट पार्दछ ।'[50] त्यस अतिरिक्त बैठकले संविधानसभा पुनस्थापनालाई मुख्य माग बनाएर डेलिगेशन जान र दबाब सिर्जना गर्ने जस्ता काम नगर्न आफ्ना पूर्व सभासद तथा कार्यकर्ताहरुलाई निर्देशन पनि दियो । साउन ७ गते निर्वाचन आयोगले दलहरुसित गरेको छलफलमा भने एकीकृत माओवादी, काँग्रेस र एमाले तीनै दलले आफुहरु निर्वाचनको पक्षमा भएको बताए ।

साउन पहिलो साता सम्पन्न माओवादीको विस्तारित बैठकले निर्वाचन सफल पार्न कार्यकर्तालाई निर्देशन नै दियो । बैठकले 'संविधानसभाको अर्को निर्वाचन सफलतापूवर्क सम्पन्न गर्न प्रमुख राजनीतिक शक्तिहरुका बीचमा सहमति र समझदारी अनिवार्य छ । सहमतिको अर्थ मुख्य रुपमा संविधानका विवादित विषय मुख्यत : पहिचान सहितको संघीयता, संविधानसभाबाट संविधानसभा घोषणाको प्रकिया र राष्टि्रय सहमतिको सरकार निर्माणमा सहमति बुझनुपर्छ' भन्ने निर्णय गऱ्यो ।[51]

साउन १० गते एमाले कार्यालय बल्खुमा भएको तीन दलको बैठकमा माओवादीले २ वटा प्रस्ताव राख्यो । पहिलो, पुनर्स्थापना गरी संविधान जारी गर्ने र संसदको निर्वाचनमा जाने । दोस्रो संविधानसभाको निर्वाचनमा जाने । तर, काँग्रेस र एमालेले सरकार नछोडेसम्म दुवै विकल्प नमान्ने अडान राखे । साउन १५ गते निर्वाचन आयोगले मंसिरमा निर्वाचन हुन नसक्ने स्पष्ट पाऱ्यो । साउन १६ गते सिन्धुपाल्चोकको बाह्रबिसेमा सम्पन्न काँग्रेस जिल्ला सभापतिहरुको भेलाले संसदको निर्वाचन गर्नुपर्ने निष्कर्ष निकाल्यो, 'विघटित संविधानसभाका सुल्झन नसकेका संघीयता, शासकीय स्वरुप लगायतका मुद्दाहरुलाई उपयुक्त विधिद्वारा जनताको मत लिएर जनताको फैसला अनुसार गर्ने गरी समानुपातिक प्रतिनिधितव हुने विधि अपनाइ २४० निर्वाचन क्षेत्रलाई कामय गरी संविधान निर्माण गर्ने अधिकार समेत दिने गरी संसदीय निर्वाचन गर्नु नै सर्वोत्तम विकल्प हो ।' यस्तै बैठकले मुलुकमा विद्यमान राजनीतिक एवं संवैधानिक संकटको निकास भनेको सर्वदलिय सहमतिमा यथाशिध्र राष्टि्रय सहमतिको सरकार गठन गर्नु नै हो भन्दै त्यसका लागि राष्टि्रय सहमतिको विश्वसनीय वातावरण तयार भए लगत्तै प्रधानमन्त्रीको उम्मेदवार तय गर्न केन्द्रीय कार्य समितिसँग माग पनि गऱ्यो । तर, देउवा भने पुनर्स्थापनाकै पक्षमा रहे । उता, एमालेका पुर्वसभासद्ले पनि पार्टीलाई पुनर्स्थानाको विकल्प खुल्ला राख्न सुझाव दिए । साउन २७ गते नेकपा माओवादीले गरेको अन्तर्क्रियामा एकीकृत नेकपा माओवादीका अध्यक्ष दाहालले संविधानसभा पुनर्स्थापना गरी संविधान जारी गरे काँग्रेसको नेतृत्व स्वीकार्ने तर संविधान जारी नगरी चुनावमा जानु परे काँग्रेसको नेतृत्व स्वीकार्य नहुने बताए । त्यसको चार दिनपछि एकीकृत माओवादी सहित २१ दलले संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धन घोषणा गरे । जसले निर्वाचनमा जाने कुरालाई पटक-पटक जोड दियो ।

लामो समयको आरोप प्रत्यारोप र विवादपछि दलहरु फेरि वार्तामा बसे । तीन महिनाको यस अवधिमा राजनीतिक दलका शिर्ष पदाधिकारीहरुका बीच अनेकौ भेटघाट, छलफल भए । भदौ १३ गते बसेको माओवादी, काँग्रेस र एमालेको बैठकमा नेताहरुले संविधानसभा पुनर्स्थापनालाई पहिलो प्राथमिकता दिए । उनीहरुले संविधानसभाका विवादित मुद्दामा सहमति भए संविधानसभा पुनर्स्थापना गर्ने र नभए निर्वाचनमा जान सकिने बताए । पुनर्स्थापना कि निर्वाचनबारे अन्योल जारी रहेका बेला भदौ १४ गते माओवादी, काँग्रेस, एमाले र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका नेताले राष्ट्रपतिसँग भेट गरे । त्यतिबेला राष्ट्रपतिले भने-'पुनर्स्थापना गर्नुहुन्छ भने त्यसमा छिटो सहमति गनुहोस, होइन भने निर्वाचनको वातावरण बनाउनुहोस ।' यही बेला काँग्रेस केन्द्रीय कार्य समितिको बैठक बस्यो । काँग्रेसले छोटो समयलाई पुनर्स्थापना गरेर चुनावमा जाने निर्णय गऱ्यो । भदौ २२ गते पाल्पामा आयोजित कार्यक्रममा काँग्रेस सभापति कोइरालाले अन्तर्राष्टि्रय समुदाय र राष्ट्रपतिको रोहबरमा संविधानसभा पुनर्स्थापन गर्न सकिने धारणा व्यक्त गरे । माओवादी अध्यक्ष दाहालले पनि संधिवानसभा पुनर्स्थापना गर्दा राष्ट्रपति, सर्वोच्च अदालत लगायतलाई विश्वासमा लिएर गर्नुपर्ने बताए ।

दलहरुबीच छलफल जारी रहेपनि काँग्रेस र एमालेले पहिला सरकारमा सहमति हुनुपर्नेमा जोड दिए । संघियताको विषयमा माओवादी, काँग्रेस र एमाले तीनतिर उभिएपछि सहमति हुन सकेन । सहमति नभएपछि दलहरु फेरि चुनावमा जाने⁄नजानबारे छलफल गर्न थाले । असोज ६ गते बसेको सत्तारुढ दलहरुको गठबन्धनको बैठकले चुनावी अभियान थाल्ने निर्णय गऱ्यो । उता, विपक्षी दलहरुले भने सहमतिका लागि भट्टराई नेतृत्वको सरकार नै बाधक रहेको आरोप लगाए । 'राष्टि्रय सहमतिका निम्ति बाधक रहेको एनकेपा (माओवादी)का उपाध्यक्ष बाबुराम भट्टराईले नेतृत्व गरेको वर्तमान सरकार तत्काल हटनुपर्दछ भन्ने बैठकको ठहर रहेको छ , विपक्षी गठबन्धनले भने, 'वर्तमान सरकार हटेर राष्टि्रय सहमतिको सरकार गठन हुनु राजनीतिक निकासको पहिलो पाइला हो भन्ने बैठकको सर्वसम्मत निष्कर्ष छ ।[52]

असोजको तेस्रो साता माओवादी पदाधिकारीको बैठक बस्यो । बैठकले विवादित विषय थाँती राखेर संविधान जारी गर्ने प्रस्ताव गऱ्यो । असोजको अन्तिम साता बसेको एमाले स्थायी समितिको बैठकले पुनर्स्थापना हुन नसक्ने निष्कर्ष निकाल्दै पुनर्स्थापनाको पक्षमा अभियान नचलाउन सभासद्लाई निर्देशन दियो ।[53] त्यसपछि राष्ट्रपतिले दलका नेताहरुसँगको भेटमा भने- 'निर्वाचन नै ठीक । निर्वाचनको मिति चाहियो ।' त्यसको प्रतिवाद गर्दै प्रधानमन्त्रीले भने, 'निर्वाचनको मिति माग्ने अधिकार राष्ट्रपतिलाई छैन ।'

कार्तिकको दोस्रो सातामा दलहरुले छलफललाई फेरि अघि बढाए । छलफलका क्रममै माओवादी अध्यक्ष दाहलले कार्तिक ११ गते संविधानसभा पुनर्स्थापनालाई पहिलो प्राथमिकता र त्यसमा सहमति नभए निर्वाचनमा जाने प्रस्ताव सहितको लिखित प्रस्ताव पेश गरे ।

[50] २०६९ साल साउन ३ गते बसेको स्थायी समितिको बैठकपछि एमालेले जारी गरेको प्रेस विज्ञप्ति ।

[51] २०६९ साल साउन ७ गते एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल जारी गरेको प्रेस विज्ञप्ति ।

[52] २०६९ साल असोज ८ गते बसेको विपक्षी गठबन्धनको बैठकपछि जारी प्रेस विज्ञप्ति ।

[53] संविधानसभाको पुनर्स्थापनामा नलाग्नुहोस । Retrieved December 10, 2012, from http://www.cpnuml.org/#546

संविधानसभा पुनर्स्थापना भए काँग्रेसलाई नेतृत्व दिने र नभए निर्वाचनमा जाने भए यही सरकारबाट अघि बढनुपर्ने उनको प्रस्ताव थियो । विश्वसनिय आधार नभएको भन्दै त्यसलाई काँग्रेस र एमालेले अस्वीकार गरे ।

त्यसपछि बैशाखमा निर्वाचन गर्ने गरी माओवादी, काँग्रेस, एमाले र मोर्चाले छलफल चलाए । दलहरुबीच निर्वाचनको मिति तोक्ने, संसद सदस्य संख्या तोक्ने, संविधान संशोधन प्रक्रिया र राष्ट्रिय सहमतिको सरकार बनाउने लगायतमा छलफल भयो । तर सहमति भएन । कार्तिक १५ गते विकल्पमा सहमति नभएको भन्दै काँग्रेस केन्द्रीय समितिले निर्वाचनमा जाने निर्णय गर्‍यो । दलहरुबीच सहमति नभएपछि निर्वाचन सम्बन्धी नियम कानून संशोधन हुन सकेन । त्यसपछि अन्तिम समयमा आएर सरकारले मंसिर ७ गते निर्वाचनको घोषणा गर्‍यो । 'सरकारले संविधानसभाबाट संविधान निर्माण गर्ने साझा ऐतिहासिक जिम्मेवारी पूरा गर्न संविधानसभाको दु:खद अवसानपछि अर्को संविधानसभाको निर्वाचन गर्ने मिति समेत घोषणा गरी त्यसका लागि सम्पूर्ण पहल र प्रयत्न अगाडि बढाएको सर्वविदितै छ । तर, प्रतिपक्षी राजनैतिक पार्टीहरूको असहमति र असहयोगका कारण पूर्व घोषित मितिमा निर्वाचन सम्पन्न हुन नसक्ने स्थिति भएबाट सरकारले पुन : २०७० बैशाखसम्म अर्को संविधानसभाको निर्वाचन सम्पन्न गरिसक्ने घोषणा गरी राजनैतिक सहमतिका आधारमा निर्वाचनको ठोस दिन किटान गर्ने निर्णयका साथ यथाशिघ्र राष्ट्रिय सहमति कायम गर्न राजनैतिक पार्टीहरूलाई गंभीर अपील गरेको पनि स्पष्ट नै छ, मन्त्रिपरिषदको निर्णयमा भनिएको छ-'सरकार छिटोभन्दा छिटो संक्रमणकाललाई सकारात्मक ढंगले अन्त्य गर्न २०७० साल बैशाख भित्रमै संविधानसभाको अर्को निर्वाचन सम्पन्न गर्न र संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने गरी नयाँ संविधान निर्माण गर्न दृढ रुपमा प्रतिवद्ध छ । तसर्थ मेरो नेतृत्वको यो सरकार २०७० बैशाखभित्र अर्को संविधानसभाको निर्वाचन गर्ने उद्देश्यका लागि वर्तमान राजनैतिक गतिरोध अन्त्य गर्न, आवश्यक संवैधानिक एवम् कानूनी व्यवधान हटाई निर्वाचनको मिति तोक्न र राष्ट्रिय सहमतिको सरकार गठन गर्न सम्पूर्ण राजनैतिक दलहरूलाई अविलम्ब राष्ट्रिय सहमतिका लागि अपील गर्दछ । यस उद्देश्यका निम्ति म र मेरो नेतृत्वको यो सरकारले जस्तोसुकै त्याग गर्न र तदनुरुप कदम चाल्न सदा तत्पर रहेको पनि सबैलाई स्पष्ट गर्न चाहन्छु ।'[54]

राजनीतिक उतारचढाव

| मिति | एकीकृत माओवादी | नेपाली कांग्रेस | एमाले |
|---|---|---|---|
| संविधानसभा विघटन लगत्तै | संविधानसभाको निर्वाचन | निर्वाचन असम्भव | निर्वाचन असम्भव |
| जेठ तेस्रो साता | सहमति भए पुर्नस्थापना पनि मान्न सकिन्छ-पुष्पकमल दाहाल<br><br>पुनर्स्थापना बेकारको कुरा - प्रधानमन्त्री बाबुराम भट्टराई | पुनर्स्थापनाका लागि हस्ताक्षर अभियान सुरु<br><br>पुनर्स्थापना उत्तम-शेरबहादुर देउवा | |
| असार तेस्रो साता | | पुनर्स्थापना गर्न सकिन्छ - सुशील कोइराला | |
| साउन पहिलो साता | | | पुनर्स्थापना हुँदैन - नेकपा एमाले |
| साउन १० को बैठक | १. पुनर्स्थापना गरी संविधान जारी र संसदको निर्वाचन<br><br>२. संविधानसभाको अर्को निर्वाचन | दुवै हुँदैन, पहिले अहिलेको सरकारले राजिनामा दिई राष्ट्रिय सहमतिको सरकार गठन हुनुपर्छ । | दुवै हुँदैन, पहिले अहिलेको सरकारले राजिनामा दिई राष्ट्रिय सहमतिको सरकार गठन हुनुपर्छ । |
| साउन दोस्रो साता | | संसदको निर्वाचन- जिल्ला सभापतिहरुको भेलाबाट पारित | |

[54] २०६९ साल मंसिर ७ गते बसेको मन्त्रिपरिषद्को पारित गरेको निर्णय ।

| | | | |
|---|---|---|---|
| | | प्रस्ताव ।<br><br>पुनर्स्थापना नै ठीक - शेबबहादुर देउवा | |
| भदौ दोस्रो साता | | छोटो समयलाई पुनर्स्थापना- केन्द्रीय कार्य समितिको बैठक । | |
| असोज ३ | संविधानसभाको निर्वाचनमै जाऊँ । | संविधानसभाको निर्वाचनमै जाऊँ । | संविधानसभाको निर्वाचनमै जाऊँ । |
| असोज अन्तिम साता | विवाद थाँती राखेर संविधान जारी गरौं । | | |
| कार्तिक ११ | पुनर्स्थापना गरी संविधान घोषणा गरेर संसद चुनाव उत्तम | पुनर्स्थापना हुँदैन, सरकार छोड | पुनर्स्थापना हुँदैन, सरकार छोड |
| कार्तिक १५ | | निर्वाचनमै जानुपर्छ -केन्द्रीय समिति | |
| कार्तिक २८ | | पार्टीभित्र पुनर्स्थापनाको कुरा उठाउनेलाई कारवाही हुन्छ - सुशील कोइराला । | |

**विवाद अध्यादेशको**

मूलतः कानून बनाउने व्यस्थापिका संसदले हो । तर, संविधानसभा विघटन भएपछि मुलुकमा व्यवस्थापिका संसद पनि रहेन । त्यस्तो अवस्थामा एकमात्र विकल्प भनेको अध्यादेश जारी गर्ने मात्रै हो । नेपालको अन्तरिम संविधान २०६३ को धारा ८८ मा संसदको अधिवेशन नभएको बेला तत्काल केही गर्न आवश्यक परे र त्यसमा राष्ट्रपति सन्तुष्ट भएमा संविधानको प्रतिकूल नहुने गरी मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्न सक्ने व्यवस्था छ ।[55] सरकारले सम्पत्ती शुद्धिकरण लगायतबारे अध्यादेश ल्याउने तयारी गरेपछि काँग्रेस, एमाले लगायतका दलहरु त्यसलाई रोक्न सक्रिय भए । काँग्रेस सभापति सुशील कोइराला र एमाले अध्यक्ष झलनाथ खनालले राष्ट्रपतिलाई भेटेर अध्यादेश स्वीकृत नगर्न आग्रह गरे । उनीहरुले बक्तव्य जारी गरी भनेका थिए-'पदमुक्त भइ कामचलाउ रहेका प्रधानमन्त्रीलाई संविधानको धारा ४३ मा रहेको सरकारको सञ्चालन जनआन्दोलनको भावना, राजनीतिक सहमति र सहकार्यको संस्कृति अनुसार गर्नुपर्ने भन्ने व्यवस्था विपरित अध्यादेशको सिफारिस गर्ने अधिकार छैन । अत संविधान र सहमति विपरित षडयन्त्रपूर्व रुपमा प्रधानमन्त्रीबाट सिफारिस गरिएको अध्यादेश जारी नगर्न हामी सम्माननीय राष्ट्रपति समक्ष हार्दिक अनुरोध गर्दछौ ।[56] त्यसलाई अन्य विपक्षी दलहरुले पनि समर्थन गरे ।

---

[55] अध्यादेश : (१) व्यवस्थापिका संसदको अधिवेशन वा बैठक चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेको छ भन्ने कुरामा राष्ट्रपति  सन्तुष्ट भएमा यस संविधानमा लेखिएका कुराहरुको प्रतिकूल नहुने गरी मन्त्रिपरिषद्को सिफारिसमा आवश्यक अध्यादेश जारी गर्न सक्नेछ ।
(२) उपधारा (१) बमोजिम जारी भएका अध्यादेश ऐन सरह मान्य हुनेछ । तर त्यस्तो प्रत्येक अध्यादेश : (क) जारी भएपछि बसेको व्यवस्थापिका संसदको बैठकमा पेश गरिनेछ  र त्यस्तो बैठकले स्वीकार नगरेमा स्वत : निष्क्रय हुनेछ, (ख) राष्ट्रपतिबाट जुनसुकै बखत खारेज हुन सक्नेछ, र (ग) खण्ड (क) वा (ख) बमोजिम निष्क्रिय वा खारेज नभएमा व्यवस्थापिका संसदको बैठक बसेको साठी दिनपछि स्वत : निष्क्रिय हुनेछ ।
[56] २०६९ साल जेठ २९ गते काँग्रेस सभापति सुशील कोइराला र नेकपा एमाले अध्यक्ष झलनाथ खनालले जारी गरेको संयुक्त प्रेस बक्तव्य ।

विपक्षी दलहरुको विरोध हुँदाहुँदै पनि सरकारले असार ३ गते पारस्परिक कानूनी सहायता र सुपुर्दगीसम्बन्धी अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति समक्ष पेश गऱ्यो । त्यसलाई राष्ट्रपतिले स्वीकृत गरे । राष्ट्रपति रामवरण यादवले नेपालको अन्तर्राष्ट्रिय समुदाय समक्ष व्यक्त गरेको प्रतिवद्धता र राष्ट्रिय हितलाई समेत दृष्टिगत गरी अध्यादेश स्वीकृत गरिएको राष्ट्रपति कार्यलयबाट जारी बक्तब्यमा उल्लेख थियो ।[57] राष्ट्रपतिले यो अध्यादेश स्वीकृत गरेपछि सरकार चाहिं दलहरुवीच सहमति जुटाउनभन्दा पनि पूर्ण बजेटको तयारीमा लाग्यो । प्रतिपक्षी दलहरुले त्यसप्रति आपत्ति जनाए । उनीहरुले सरकारले जर्वजस्ती बजेट ल्याए प्रतिवाद गर्ने चेतावनी पनि दिए । प्रतिपक्षी दलहरुले दलिय सहमति नभैकन बजेट अध्यादेश स्वीकार नगर्न राष्ट्रपतिलाई आग्रह गरे ।[58] प्रतिपक्षी दलहरुको तीव्र दबाब र राजनीतिक सहमति नभएपछि सरकार आफ्नो अडानबाट पछि हट्यो । र, एक तृतियांश बजेट ल्याउने पक्षमा पुग्यो । त्यसपछि सरकारले एक तृतियांश बजेट ल्यायो ।[59] त्यसपछि सरकारले पूर्व पदाधिकारीहरुको सुविधा तथा सुरक्षा सम्बन्धी अध्यादेश, २०६९ जारी गर्नका लागि राष्ट्रपति समक्ष प्रस्तुत गऱ्यो । त्यसलाई भने प्रतिपक्षी दलहरुले विरोध गरेनन् जसलाई राष्ट्रपतिले पनि दलिय सहमतिविना नै स्वीकृत गरिदिए ।

सरकारले त्यही सेरोफेरोमा निर्वाचन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०६९ र संविधानसभा सदस्य निर्वाचन अध्यादेश २०६९ स्वीकृतिका लागि राष्ट्रपति रामवरण यादव समक्ष सिफारिस गऱ्यो ।[60] सरकारले अध्यादेश स्वीकृतका लागि पठाएको करिव तीन सातापछि राष्ट्रपति कार्यालयले निर्वाचन आयोगले मंसिरमा संविधानसभाको निर्वाचन सम्भव नभएको जानकारी सरकारलाई जानकारी दिइसकेको र परिवर्तित अवस्थामा अध्यादेश जारी गर्नुको सान्दर्भिकता नभएको जानकारी दियो ।[61] अध्यादेश स्वीकृत नभएकोमा सरकारले राष्ट्रपतिप्रति असन्तुष्ट व्यक्त गऱ्यो । सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकले सरकारको सिफारिसलाई राष्ट्रपतिले अस्वीकार गरेको निष्कर्ष निकाल्यो । र, स्वीकृतिका लागि थप अध्यादेश राष्ट्रपति समक्ष पठाउन तम्सियो ।

राष्ट्रपतिले अध्यादेश स्वीकृत नगरेपछि त्यसको पक्ष र विपक्षमा वहस शुरु भयो । अध्यादेशको पक्ष विपक्षमा वहस भएपछि प्रधानमन्त्री र राष्ट्रपतिबीच टकराव नै शुरु भयो । 'राष्ट्रपति रामवरण यादवले प्रधानमन्त्री बाबुराम भट्टराईले पेश गरेको चुनावसम्बन्धी दुईवटा अध्यादेश निकै दिन विचारधिन अवस्थामा राखेर शुक्रवार औपचारिक रुपमा अस्वीकार गरेपछि सिंहदरबार र शितलनिवासबीच खुला टकराव शुरु भएको छ । यो खासमा राजनीतिक दलहरुबीच बढेको ध्रुविकरणकै एउटा नतिजा हो । प्रमख दलहरु जति ध्रुविकृत हुँदै जान्छन, संक्रमण अरु जटिल बन्ने, राज्यको अंगहरुबीच असभ्कदारी बढदै जाने र अन्ततः राज्य संयन्त्र विफल हुने ध्रुव सत्य हो ।'[62] सत्ता पक्षले राष्ट्रपतिको नियतमाथि प्रश्न उठायो भने प्रतिपक्षी दलहरुले स्वभाविक रुपमा लिए । प्रधानमन्त्री बाबुराम भट्टराईले अध्यादेश अस्वीकार गर्नै मिल्दैन भनेर सार्वजनिक रुपमा नै राष्ट्रपतिको आलोचना गरे । प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार देवेन्द्र पौडेलले चुनाव सम्बन्धी अध्यादेश अस्वीकृत गरी लोकतन्त्रमा अंकुश लगाउन खोजेको प्रतिक्रिया दिए । राष्ट्रपति संवैधानिक भएकाले मन्त्रिपरिषद्को सिफारिस स्वीकृत गर्नुपर्ने सत्ता पक्षको जिकिर रह्यो ।

यता, प्रतिपक्षीहरुले भने राष्ट्रपति सन्तुष्ट भएमा मात्र अध्यादेश जारी हुन सक्ने, सरकारका स्वेच्छाचारी कामलाई नियन्त्रण गर्न सक्ने र आफूहरुसँग पनि सहमति नभएकाले अध्यादेश जारी नगर्नु राष्ट्रपतिको अधिकार भएको दाबी गरे । त्यतिमात्र होइन, यसबारे राष्ट्रपतिले पनि सार्वजनिक रुपमा नै स्पष्ट पार्ने प्रयास गरे । उनले निर्वाचन आयोगले संविधानसभाको चुनाव हुन सक्दैन भनेपछि अध्यादेश स्वीकृत गर्नुको अर्थ नभएको बताए । उनले भने-'संविधानसभा चुनाव राष्ट्रिय सहमतिमा मात्र सम्भव छ । निर्वाचन आयोगले संविधानसभा चुनाव हुन सक्दैन भनेपछि अध्यादेश स्वीकृत गर्नुको अर्थ थिएन ।'[63] यसको एमाले अध्यक्ष झलनाथ खनालले तारिफ गरे । उनले भने-'गुटको अधिनाकत्व स्थापना गर्न ल्याएको अध्यादेश रोकेर राष्ट्रपतिले राम्रो गर्नुभयो ।[64] प्रधानमन्त्री भट्टराई भने कार्यकारी सरकारले पठाएको अध्यादेश राष्ट्रपतिले अस्वीकार गरे द्वन्द्व झनै बढ्ने बताए । विवाद भएपनि सरकारले स्वास्थ्य सेवा ऐन, शिक्षा सेवा ऐन, निजमती सेवा ऐनलाई संशोधन सम्बन्धी अध्यादेश र वेपता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेल मिलाप सम्बन्धी अध्यादेश स्वीकृतका लागि राष्ट्रिपति समक्ष पठायो ।[65] ती अध्यादेश राष्ट्रपतिबाट स्वीकृत भएका छैनन् ।

---

[57] २०६९ साल असार ४ गते राष्ट्रिपतिको कार्यालयले जारी गरेको प्रेस विज्ञप्ति ।

[58] २०६९ साल असार २० गते प्रतिपक्षी दलहरुले राष्ट्रपतिलाई भेटेर पूर्ण बजेट स्वीकार नगर्न आग्रह गरेका थिए ।

[59] सरकारले असार ३१ गते अध्यादेश मार्फत एकतृतियांश बजेट ल्याएको थियो ।

[60] २०६९ साल साउन १२ गते बसेको मन्त्रिपरिषद्को बैठकले दुईवटा अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

[61] निर्वाचन आयोगले निर्वाचनको बैद्यता र विश्वसनियताको निम्ति आवश्यक संवैधानिक एवं कानूनी व्यवस्था र राजनीतिक दलहरुको सहभागिताको निम्ति दलहरुका बीच न्यूनतम सहमति पनि भै नसकेको कारण उल्लेख गरी नेपाल सरकारद्वारा घोषित मिति २०६९/०८/०७ गतेका दिन अर्को संविधानसभाको निर्वाचन गर्न सम्भव नहुने कुराको जानकारी नेपाल सरकार समक्ष २०६९/०४/१५ मा नै गराइ सकेको देखिँदा परिवर्तित परिस्थतिमा नेपाल सरकार मन्त्रिपरिषद्द्वारा सम्मानित राष्ट्रपतिज्यू समक्ष मिति २०६९/०४/ १२ मा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम सिफारिस भएका (क) निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६९ (ख) संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०६९ सम्माननीय राष्ट्रपतिज्यूले तत्काल जारी गर्नुको सान्दर्भिकता नदेख्नु भएकोले यो विज्ञप्ति प्रकाशन गरिएको छ (२०६९ साल भदौ १ गते राष्ट्रपति कार्यालयबाट जारी प्रेस विज्ञप्ति ) ।

[62] दिग्भ्रमित दलहरु । कान्तिपुर सम्पादकीय, भदौ ३ ।

[63] गंगा विसी । अध्यादेशको अर्थ थिएन । कान्तिपुर दैनिक पृष्ठ १ । भदौ ३ । २०६९ ।

[64] होम कार्की । अभ्र सक्रिय हुनुपर्छ, खनाल । कान्तिपुर दैनिक, पृष्ठ १ । भदौ ५ । २०६९ ।

[65] सरकारले २०६९ साल भदौ १० गते चारवटा अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति समक्ष पठाएको हो ।

एक तृतियांश बजेटको म्याद सकिन थालेपछि सरकार बजेटको तयारीमा लाग्यो । प्रतिपक्षी दलहरुले पहिले जस्तै यसपटक पनि पूर्ण बजेट नल्याउन आग्रह गरे । सरकारले पूर्ण बजेटका लागि राष्ट्रपतिसँग परामर्श गऱ्यो । दलिय सहमति विना बजेट स्वीकार नगर्ने भन्दै राष्ट्रपतिले राष्ट्रिय सहमति कायम गर्न आग्रह गरे । यसका लागि सरकारले छलफल अघि बढायो । तर पनि दलिय सहमति कायम हुन सकेन । नयाँ नीति तथा कार्यक्रम समावेश नगर्ने गरी बजेट ल्याउनका लागि राष्ट्रपतिसँग सहमति भएपछि सरकारले अन्ततः मंसिर ५ गते बजेट पेश गऱ्यो । जसप्रति विपक्षी दलहरुको भने असन्तुष्टी रह्यो ।

**निष्कर्ष**

संविधानसभा विघटन हुनुमा माओवादी, काँग्रेस, एमाले र मधेशी मोर्चाका नेताहरुको मुख्य जिम्मेवार थिए । त्यसमा पनि सरकारको नेतृत्वमा एकीकृत माओवादी भएका कारण त्यही दल, त्यस दलको नेतृत्व र सरकारको नेतृत्व गरेका प्रधानमन्त्री बाबुराम भट्टराईप्रति औंला ठडिएका छन् । संविधानसभा अध्यक्ष सुवास नेम्वाङ र संवैधानिक समितिका सभापति निलाम्बर आचार्य पनि दोषमुक्त छैनन् । तर, दलका नेताहरु सबै एकअर्कालाई दोष लगाउन केन्द्रीत भए । मुलुकमा देखा परेको नयाँ खालको राजनीतिक तथा संवैधानिक संकटको सम्बोधनका लागि राजनीतिक दलहरुबीच सहमतिकै खाँचो थियो । तर, सत्ता पक्षले सरकारलाई जसरी पनि लम्बाउन चाह्यो भने प्रतिपक्षी दलहरु पहिले सत्ता त्यसपछि अरु भन्ने शर्तमा अलमलिए । विधी र प्रक्रियातर्फ कुनै पक्षले पनि ध्यान दिएन । त्यसमाथि आफुअनुकुल एजेण्डा परिवर्तन गर्दै जाने दलहरुको प्रवृति पनि सहमतिका लागि बाधक बन्यो । प्रतिपक्षीहरुले व्यापक दबाब दिएपनि प्रधानमन्त्री बाबुराम भट्टराईले सहज रुपमा सत्ताबाट बाहिरिन अस्वीकार गरे । सत्तारुढ गठबन्धन उनको रक्षा कवजका रुपमा प्रस्तुत भयो । सरकार काम चलाउ कि कार्यकारी भन्नेमा पनि विवाद भयो । राष्ट्रपतिले काम चलाउ भनीसकेपछि उसले कार्यकारी अधिकार आफूमा रहेको दाबी गऱ्यो । उता, राष्ट्रपतिले दलिय सहमतिमा निरन्तर रुपमा जोड दिइ नै रहे । तर, दलहरुबीच सहमति नभएपछि उनले सरकारले सिफारिस गरेका केही अध्यादेशलाई स्वीकृत गरेनन् । यसले प्रधानमन्त्री र राष्ट्रपतिबीच द्वन्द्व बढायो । प्रतिपक्षी दलहरुले बाबुराम भट्टराईलाई सत्ताबाट बाहिर ल्याउन आन्दोलनबाट दबाब सिर्जना गर्न खोजे । तर, आन्दोनलनबाट पार लाग्ने नदेखेपछि वार्तालाई नै जोड दिए । त्यसबाट पनि सत्ता हात नपरेपछि उनीहरु सरकार र माओवादीको सर्वसत्तावाद रोक्ने नाममा राष्ट्रपतिलाई सक्रिय पार्ने प्रयासमा लागे ।

यसबीचमा दलहरुले संविधानसभा पुनर्स्थापना, संविधानसभाको नयाँ निर्वाचन, गोलमेच सम्मेलन लगायतका विकल्प अघि सारे । पटक-पटक वार्ताभएपनि दलहरुबीच सहमति हुन सकेन । माओवादीको आग्रहमा काँग्रेसले सभापति सुशील कोइरालालाई प्रधानमन्त्रीका रुपमा अघि साऱ्यो । तर, माओवादीले संविधानका अन्तरवस्तुमा सहमति भएपछि मात्रै कोइरालालाई प्रधानमन्त्री मान्न सक्ने बताएपछि काँग्रेस थप अन्योलमा पऱ्यो । दलहरुले विकल्प त खोजे । तर मुलुक र जनताको हितमा भन्दा पार्टी र सरकारलाई मुख्य बनाएर अघि बढ्दा मुलुकको राजनीतिमा सहमतिले स्थानै पाएन । बरु, नयाँ-नयाँ राजनीतिक र संवैधानिक प्रश्न उठे । राष्ट्रिय राजनीतिमा देखा परेको समस्या समाधानका लागि राजनीतिक दल र राष्ट्रपतिले प्रयास नगरेका होइनन, तर परिणामका हिसावले उपलब्धी भने शुन्य प्रायः नै रह्यो । लोकतान्त्रिक पद्धति धरासायी बन्दै गयो । राष्ट्रपतिले राष्ट्रिय सहमतिको सरकार गठनका लागि सहमतिमा प्रधानमन्त्रीको नाम दिन गरेको आग्रहपछि पनि दलहरुबीच सहमति हुन सकेको छैन ।

| **सत्तापक्षिय गठबन्धनमा रहेका दलहरु** | **विपक्षी गठबन्धनमा रहेका दलहरु** |
|---|---|
| एकीकृत नेकपा माओवादी,फोरम लोकतान्त्रिक, तराई मधेश लोकतान्त्रिक पार्टी, सदभावना, संघीय सद्भावना, राष्ट्रिय सदभावना, माले समाजवादी, दलित जनजाति पार्टी,राष्ट्रिय जनमुक्ति, नेपाल परिवार दल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपा राष्ट्रिय पार्टी, समाजवादी जनता दल, जनता दल युनाइटेड, नव नेपाल निर्माण पार्टी, चुरे भावर पार्टी, नेपाल जनता दल, राष्ट्रिय जनमुक्ति पार्टी, स्वतन्त्र (सदरुल मिया) | नेपाली काँग्रेस,नेकपा एमाले, नेकपा माओवादी, मधेशी जनअधिकार फोरम, राष्ट्रिय मधेश समाजवादी पार्टी, राप्रपा,राजपा, माले, राप्रपा नेपाल, नेमकिपा, राष्ट्रिय जनमोर्चा, नेकपा एकिकृत |

*स्रोतः कान्तिपुर दैनिक, (भदौ २ पृष्ठ ३, गठबन्धनमा को कहाँ)*